## २.१ आर्थिक बृद्धि र आर्थिक विकास

विकासप्रतिको अवधारणालाई ध्यानमा राखेर हेर्दा सोह्रौं र सत्रौं शताब्दीमा एक्कासी एउटा ठूलो परिवर्तन भयो जसलाई "जागरण" (Renaissance) भनिन्छ। यसबाट मानिसले कुनै पनि घटनाका कारणको खोजी गर्न थाल्यो। १८ औं शताब्दीतिर सामन्तवादबाट शुरू भएको पूँजीवादी अर्थव्यवस्थाका विभिन्न स्वरूप र प्रकारहरू विकसित भए। मुख्य रूपमा अहिले पूँजीवादी अर्थव्यवस्थाको नमूनाका रूपमा अमेरिकी अर्थव्यवस्था र ब्रिटिश अर्थव्यवस्था रहेका छन् भने जापान, फ्रान्सका अर्थव्यवस्था पनि यस क्रममा उदाहरणीय रहेका छन्। सन् १७७९ मा एडम स्मिथले "An Enquiry into the nature and causes of wealth of nation" भन्ने सुप्रसिद्ध आर्थिक ग्रन्थ निकालेपछि आर्थिक जगतमा हलचल पैदा भयो। सन् १८१५ देखि संचालन हुँदै आएको Laissez Faire Capitalism प्रथम विश्वयुद्धको शुरूवातसँगै अन्त्य हुन्छ। सन् १९३६ मा जे. एम. किन्सले Laissez Faire Capitalism माथि कठोर आक्रमण गर्दै The General Theory नामक पुस्तक प्रकाशन गरेपछि नयाँ पूँजीवादी व्यवस्था झन् लोकप्रिय बन्न पुग्यो। १९ औं शताब्दीको मध्यबाट समाजवादी विचारधारा शुरूवात भयो र सन् १९१७ को बर्ष रूसको इतिहासमा ज्यादै महत्वपूर्ण मानिन्छ। प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धपछि विश्वमा नयाँ आयामहरू थपिए। सन् १९२९-३० को आर्थिक मन्दीपछि विकासका नयाँ आयामहरू खोजी भए। विश्वका प्राय सबै देशहरूले आफ्नो देशमा विकासका लागि पूँजी र प्रविधिको स्थानान्तरण प्रक्रिया अपनाए। सन् १९५०-६० को दशकमा योजनागत अवधारणाले व्यापकता पायो तर अविकसित देशहरूको स्थितिमा त्यति विकास हुन सकेन। विकास के हो भन्ने सम्बन्धमा सन् १९५० पछि विभिन्न विचार, तरिका र दर्शनहरूको उत्पति र उन्नति हुँदै मानवीय विकास प्रतिको मान्यता (सन् १९९०) सम्म आईपुग्दा विकास सम्बन्धिको परिभाषाको आकारले पूर्णता पाएको मान्न सकिन्छ। त्यसपछि हालसम्म UNDP ले मानवीय विकास प्रतिवेदन हरेक वर्ष प्रकाशित गर्दै आईरहेको छ। कुन देश कति विकसित छ र कति अविकसित छ भन्ने कुरा यहि प्रतिवेदनबाट हामी थाहा पाउन सक्छौ।

आर्थिक विकासका सूचकहरूका सम्बन्धमा अर्थशास्त्रीहरूबीच मतभिन्नताहरू पाईन्छन्। कतिपय अर्थशास्त्रीहरूले राष्ट्रिय उत्पादनलाई आर्थिक विकासको सूचक मानेका छन्। कतिपय अर्थशास्त्रीहरूले प्रतिव्यक्ति आम्दानीलाई आर्थिक विकासको सूचक मानेका छन्। यसैगरी कतिपय अर्थशास्त्रीहरूले आर्थिक कल्याणलाई यसको सूचक मानेका छन्। विभिन्न अर्थशास्त्रीहरूले भौतिक जीवनस्तर सूचकाङ्कलाई विकासको सूचक मानेका छन्। यी अर्थशास्त्रीहरूले आयु, मृत्युदर, साक्षरतालाई आधार बनाएका छन्। यसैगरी संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP) ले विकासका सूचकका रूपमा मानव विकास सूचक निर्माण गरेको छ। आर्थिक विकासको परिसूचकको आधारमा आर्थिक विकासको मापन गर्न सकिन्छ। विभिन्न अर्थशास्त्रीहरूले आर्थिक विकासको परिसूचकको अलग-अलग व्याख्या गरेका छन्। विकासको स्वरूप दीर्घकालमा परिवर्तन भई रहने हुनाले परम्परागत व्यापारवादीहरू धन वा सुनलाई विकास भन्दथे। यसैगरी आदम स्मिथले उत्पादनस्तर र कार्लमार्क्सले पूँजीवादी व्यवस्थाको अन्तरलाई विकास मानेका थिए। पछिल्ला अर्थशास्त्रीहरूले राष्ट्रिय आय, प्रतिव्यक्ति आयकोस्तर र हालका अर्थशास्त्रीहरू मानवीय मूल्यमान्यता र आधारभूत आवश्यकताको आधारमा विकासलाई मापन गर्दछन्। हाल गैर आय क्षेत्रहरू आर्थिक विकासका परिसूचकहरू भएका छन्। निम्न परिसूचकहरूलाई आर्थिक विकासका मापन वा परिसूचक मानिएको छ। सामान्यतया प्रतिव्यक्ति आम्दानी र उपभोगमा बृद्धि हुनुलाई विकास भनेर भन्ने गरिन्छ। तर आर्थिक विकासको निमित्त प्रतिव्यक्ति आम्दानीमा बृद्धि हुनु नै पर्याप्त शर्त भने होइन। किनभने आर्थिक विकास भनेको एउटा जटिल तथा दीर्घकालीन प्रक्रिया हो। आर्थिक विकासको निमित्त प्रतिव्यक्ति आम्दानीमा बृद्धिको साथै सामाजिक, संस्थागत र संरचनात्मक कुराहरूमा पनि परिवर्तन हुनु आवश्यक हुन्छ। आर्थिक विकास मानिसले मानिसकै लागि गर्ने भएकोले यो मानव कल्याणसँग सम्बन्धित हुनुपर्दछ। प्रतिव्यक्ति आम्दानीका साथै जनताहरूको जीवनस्तरमा भएको बृद्धि, उत्पादनको संरचना तथा साधनहरूको वितरणमा संरचनागत परिवर्तनहरू, बचत र पूँजी निर्माणको दरमा भएको बृद्धि देशमा उपलब्ध स्रोत, साधनहरूको समुचित विकास र प्रयोग, विज्ञान र प्रविधिमा हुने विकास आदि जस्ता महत्वपूर्ण विषयहरू पनि आर्थिक विकासको मापदण्ड र सूचकहरू हुन्। यसको साथसाथै गरिबी निवारण, रोजगारीको अवसरहरूमा बृद्धि, समाजमा आय तथा धन सम्पत्तिको न्यायोचित वितरण, मानिसका आधारभूत आवश्यकताहरूको पूर्ति, मानव जीवनको भौतिक गुण, परिसूचकहरूमा हुनेसुधार, मानव विकास परिसूचक र मानव गरिबी सूचकमा भएको सुधार आदि आर्थिक विकासका

www.dotnepal.com

राम्रा परिसूचकहरू हुन् । आर्थिक विकासका परिसूचकहरूलाई आम्दानी परिसूचक (Income indicators or Economic Indicators) र गैह्र आम्दानी परिसूचक (Non-Economic Factors) गरी विभाजन गरी अध्ययन गर्न पनि सकिन्छ । आर्थिक विकासको मापदण्डको सन्दर्भमा दुई प्रकारका धारणा देखा परेका छन्:-

**परम्परागत धारणा**

शास्त्रीय अर्थशास्त्रीहरू (Classical Economist) ले राष्ट्रिय उत्पादन, राष्ट्रिय आम्दानी, रोजगारी, सहकारी आदिलाई आर्थिक विकासको मापदण्डको रूपमा लिएका छन् भने वणिकवादीहरूले देशमा विद्यमान् स्वर्ण तथा रजतलाई नै आर्थिक विकासको मापदण्ड भएको कुरा उल्लेख गरेको पाइन्छ। समाजवादका पिता मानिने अर्थशास्त्री र राजनीतिशास्त्री कार्ल मार्क्स (Karl Mark) ले पूँजीवादको समाप्ति र समाजवादको उदयलाई नै आर्थिक विकासको मापदण्डको आधार वनाएको देखिन्छ । एडमस्मिथ (Adamsmith) ले जहाँ वस्तु तथा सेवाको उत्पादन वढी हुन्छ त्यसलाई विकसित ठान्थे ।

Hicks / Paul Streeten ले आर्थिक विकास भनेको दीर्घकालीन परिवर्तनको रूप हुँदा यसको मापदण्ड सवै कालमा स्वरूपको नभएर परिवर्तनीय हुने सहकारिताको विकासलाई आर्थिक विकाससको सुचक मान्दथे । सहकारीताद्वारा श्रमिकहरूले पूँजीपतिद्वारा हुने शोषणबाट मुक्ति पाउँछन् । अतः उनको धारणा अनुसार जुन देशमा सहकारीताको जति वढी विकास हुन्छ त्यो देश आर्थिक विकासको बाटोमा त्यत्तिनै अगाडि वढ्छ ।

सन् १९५० र १९६० को दशकमा अर्थशास्त्रीहरूले विकास अवधारणालाई केवल राष्ट्रिय आय (National Income) सँग सीमित राखेका थिए । यस समयमा अर्थशास्त्री रोस्टोव (Rostow) को सिद्धान्तले महत्वपूर्ण स्थान ओगटेको थियो । यिनले अर्थतन्त्रको विकासको लागि औद्योगिकरण र शहरीकरणमा जोड दिंदै राष्ट्रिय आयमा बृद्धि भएमा मात्रै आर्थिक विकास भएको मान्दथे । यस कुरालाई संयुक्त राष्ट्र संघले समर्थन गर्दै सन् १९७० को दशकलाई आयको दशक तथा विकासको दशक घोषणा गरेको थियो । यस समयमा अर्थशास्त्रीहरू नर्क्स Hirshman ले पनि उत्पादन तथा आयलाई जोड दिएको छन् ।

कुनै देशको एक आर्थिक वर्षभित्र कुल वस्तुहरू तथा सेवाहरूको उत्पादनको जोडलाई कुल राष्ट्रिय उत्पादनको जोडलाई कुल राष्ट्रिय उत्पादन (Gross natioanl Prouduct) भनिन्छ । कुल राष्ट्रिय उत्पादनको मौद्रिक मूल्यलाई राष्ट्रिय आय भनिन्छ । कुल राष्ट्रिय आयबाट सम्पत्तिको मूल्य ह्रास घटाउनाले शुद्ध राष्ट्रिय आय प्राप्त हुन्छ । सारमन कुजनेट्स (Kuznets) आय र वाल्डविनले वास्तविक राष्ट्रिय आयमा हुने बृद्धिलाई आथिक विकासको परिसूचक मानेको छन् । प्रो मीड (meade) अवधारणा अनुसार प्रतिव्यक्ति आम्दानीको अपेक्षा कुल आय कल्याणको लागि बढी उपयुक्त माध्यम हो ।”

राष्ट्रिय आयमा बृद्धि सूचकको सट्टा प्रतिव्यक्ति आयमा बृद्धि सूचकलाई (indicators) लाई आर्थिक विकासको सूचक मान्न भ्रमात्मक हुनेछ । किनभने कहिलेकाहीं यस्तो पनि हुन सक्छ कि कुनै देशको राष्ट्रिय आयमा बृद्धिको दरमा त्यस देशको जनसंख्यामा पनि बृद्धि हुँदा त्यस देशको प्रतिव्यक्ति आयमा बृद्धि हुन्छ र राष्ट्रिय आयमा वृद्धि सूचकलाई नै आर्थिक विकासको सही सूचक हो भन्ने हामी मान्न सक्छौं । यस तर्कलाई विरोध गर्ने अर्थशास्त्रीहरूको के भनाइ छ भने वास्तविक राष्ट्रिय आयको सम्बन्ध मुद्राको अपेक्षामा वास्तविक रूपमा देशको अन्तिम वस्तु तथा सेवाको कुल उत्पादनसँग हुने भएकोले वास्तविक राष्ट्रिय आयको गणना गर्दा मूल्य परिवर्तनलाई मान्नु हुँदैन । यता विकासोन्मुख देशहरूमा बारम्बार मूल्य परिवर्तन भइरहने हुनाले यसलाई नकार्न पनि सकिंदैन । राष्ट्रिय आयको बृद्धिसँगै जनसंख्या बृद्धि पनि तीब्र रूपमा हुन्छ भने आर्थिक विकास होइन अवरोध पनि देखा पर्दछ । केही उत्पादनहरू घर भित्रै पनि सीमित रहने भएकोले देशको सबै उत्पादन पर्न जादैन र त्यो राष्ट्रिय आयमा गणना हुँदैन ।

धेरैजसो अर्थशास्त्रीहरूले कुल राष्ट्रिय उत्पादन वा राष्ट्रिय आयलाई आर्थिक विकासको सूचकको रूपमा लिएका छन् । राष्ट्रिय आयलाई आर्थिक विकासको मापदण्डको रूपमा लिइनुपर्दछ भन्ने राय दिने अर्थशास्त्रीहरूको मतनुसार आर्थिक विकासलाई नाप्न कुनै अर्थव्यवस्थामा दीर्घकालीन के कति मात्रामा राष्ट्रिय आयमा बृद्धि भएको छ, त्यसलाई हेर्नु पर्दछ भन्छन् । अर्थशास्त्री साइमन कुजनेट्स (simon Krznets) ले यस सूचकलाई उत्तम ठानेका छन् । कुनै एक देशको सामान्यतः एक वर्षको वस्तु तथा सेवाको उत्पादनलाई वास्तविक मूल्यमा परिवर्तन गर्दा वास्तविक राष्ट्रिय आम्दानी

www.dotnepal.com

निस्कन्छ। विगतको कुनै एउटा वर्गलाई आधार वर्ष (Base Year) को रूपमा लिएर यसको गणना गर्न सकिन्छ। अर्थशास्त्री मेयर र वाल्वीन (Meir and Baldwing) को भनाइ अनुसार "कुनै पनि देशमा कुल राष्ट्रिय उत्पादनमा बृद्धि भएको अनुपातमा राष्ट्रको आम्दानीमा बृद्धि हुनुपर्दछ। तबमात्र आर्थिक विकासलाई मापन गर्न सकिन्छ। कुनै पनि देशको शुद्ध राष्ट्रिय उत्पादन या आय समुन्नतिको आधार हो भनेका छन्।

राष्ट्रको कुल आम्दानीमा बढ्नुपर्दछ। कुल आम्दानीमा भएको बृद्धि नै सामाजिक कल्याण मापन गर्ने प्रमुख आधार हो। मानिसको प्रतिव्यक्ति आय समग्र राष्ट्रको आम्दानीमा भर पर्ने भएको हुँदा व्यक्तिगत आम्दानीको माध्यमबाट नै देशमा आर्थिक विकास भएको छ वा छैन भन्ने कुराको वास्तविक अध्ययन गर्न सकिन्छ। प्रो. मीड (Meade) को भनाइअनुसार "प्रतिव्यक्ति आम्दनीको अपेक्षा कूल राष्ट्रिय आय कल्याणको लागि वढी उपयुक्त माध्याम हो।" राष्ट्रिय आयको परिवर्तनले देशको समग्र आय परिवर्तन जनाउने भएकोले यसलाई ज्यादा भरपर्दो आधार मानिएको हो। राष्ट्रिय आयको बृद्धिले प्रतिव्यक्ति आयको बृद्धिमा सहयोग पुऱ्याउने हुँदा राष्ट्रिय आयको बृद्धि महत्वपूर्ण छ। समग्र अर्थतन्त्रको विकासको अध्ययन तथा तुलना प्रतिव्यक्ति आयको आधारमा नभएर राष्ट्रिय आयको आधारमा नै गर्न सकिने हुन्छ।

सन् १९७१ मा विश्व वैंकले विश्वका राष्ट्रहरूको आर्थिक अवस्थालाई प्रकाश पार्दै एक प्रतिवेदन प्रकाशित गरेको थियो। यसका नेपाल विश्वमा गरिब राष्ट्र हुनाका साथै अति कम विकसित देशको रूपमा रहेको कुरा उल्लेख गरिएको थियो। सन् १९९७ मा विश्व वैंकले प्रकाशन गरेको आर्थिक प्रतिवेदन अनुसार सन् १९९५ मा नेपालको प्रतिव्यक्ति औषत आम्दानी २०० अमेरिकी डलर रहेको थियो। आम्दानीको स्तरबाट हेर्दा नेपालको स्थान नवौं स्तरमा रहको छ। नेपालमा राष्ट्रिय योजना अयोगले सन् १९९७ मा गरिवीको स्थितिको बारेमा एक अध्ययन गरको थियो। त्यस अनुसार देशभरका करीव ४०.३% मानिसहरूको न्यूनतम् आम्दानी दिनको २ रूपैयाँ भन्दा कम थियो।

राष्ट्रिय आयमा बृद्धि सूचक (Indicators) को विपरीत आधुनिक अधिकांश अर्थशास्त्रीहरू जस्तै, वुकानन् एवं एलिस, केयर वरन अर्थर लेविस (Lewis), किन्डले वर्जर (Kindley Beerger) आदिले प्रतिव्यक्ति आय बृद्धिलाई आर्थिक विकासको सूचक मानेका छन्। कूल राष्ट्रिय आयलाई कूल जनसंख्याले भाग गर्दा प्रतिव्यक्ति आय प्राप्त हुन्छ। अर्थशास्त्रीहरूको विचारधारा अनुसार नेपाल जस्तो विकासोन्मुख मुलूकहरूको प्रधान समस्या जनताहरूको जीवनस्तरमा तीव्र गतिले सुधार गर्नु वा माथि उकास्नु हो। जनताहरूको जीवनस्तरको प्रत्यक्ष सम्बन्ध प्रतिव्यक्ति आय सित हुन्छ। प्रतिव्यक्ति आम्दानी (Percapita Income) को बृद्धि हुनु भनेको देशको सम्पूर्ण आर्थिक अवस्था राम्रो हुदै गएको मानिन्छ। यस हिसावबाट हेर्दा विकसित देशहरू जहाँ विकासका पूर्वाधारहरू खडा भईसकेका हुन्छन्। नेपाल जस्तो अल्पविकसित मुलूकहरूमा प्रतिव्यक्ति आय कम भएको पाइन्छ। यसबाट गरीव जनताको विकासका लागि जनसंख्या बृद्धिलाई पनि ध्यान पुऱ्याउनुपर्ने स्थितिको सृजना गरीदिन्छ। विकसित मुलूकहरूको प्रतिव्यक्ति वार्षिक आम्दानी २०,००० डलर भन्दा माथि छ भने अल्प विकसित देशहरूको प्रतिव्यक्ति आम्दानी ३५० डलर भन्दा पनि कम रहेको छ। नेपालको प्रतिव्यक्ति आम्दानी वार्षिक करिब ४१० डलर भन्दा बढी देखिंदैन। नेपाल जस्ता अल्पविकसित देशमा तीव्र गतिले बृद्धि भइरहेको जनसंख्याको जीवनस्तरलाई माथि उकास्ने राष्ट्रिय आय बृद्धि तिर मात्र ध्यान केन्द्रित राखि जनसंख्या बृद्धिलाई उपेक्षित राखियो भने जनताहरूको आर्थिक कल्याणमा हुने बृद्धिलाई ज्ञात गर्न सकिदैन।

अर्थशास्त्री टोडारो (M.P.Todaro) को भनाईअनुसार "आर्थिक विकासलाई समग्र देशको आर्थिक बृद्धिदर अथवा प्रतिव्यक्ति आम्दानीले मात्र पुरै रूपले नाप्न सकिदैन। कुनै पनि देशको आर्थिक विकास कति भएको छ भन्ने कुरा हेर्नलाई त्यो देशले आफ्नो राष्ट्रिय उत्पादनलाई जनताहरू माझ कसरी बाँडफाँड गरेको छ त्यो हेर्नु जरूरी छ।" प्रतिव्यक्ति आम्दानीमा बृद्धि भएर पनि प्रतिव्यक्ति उपभोग कम हुन सक्छ।

देशको राष्ट्रिय आयमा बृद्धि हुनु वा प्रतिव्यक्ति आयमा बृद्धि हुनु नै आर्थिक विकासको सूचक मानिन्थ्यो। तर यसो हुँदैमा देशमा विद्यमान व्यापक गरिबी, रोग, भोक, अशिक्षा, अज्ञानता, आर्थिक असमानता, बेरोजगारी, आर्थिक पछौटेपन जस्ता आर्थिक विकृति हट्न नसकेकोले सन् १९५० देखि १९६० को दशकमा अर्थशास्त्रीहरूले आर्थिक बृद्धि र आर्थिक विकासको सम्बन्धमा अन्तर छुट्याए। किनभने आर्थिक विकास भनेको नागरिकहरूको बहुपक्षीय कल्याण हो। जसमा स्वास्थ्य, शिक्षा, यातायात, खाने, लगाउने जस्ता आधारभूत कुराहरूको व्यवस्था पर्दछन् भने आर्थिक बृद्धि

www.dotnepal.com

अन्तर्गत यी सबै उपलब्धि गर्न सक्दैनन् । देशमा गरिबी, भोक, अज्ञानता, अशिक्षा, आर्थिक असमानता, बेरोजगारी, अर्ध बेरोजगारी जस्ता समस्याहरू आर्थिक विकास नभईकन हट्न नसक्ने र देशमा आर्थिक वृद्धिले मात्र सघाउन नपुऱ्याएको अर्थात् समस्याहरू समाधान नभएकोले अर्थशास्त्रीहरूले यी दुवै धारणालाई बेग्ला बेग्लै रूपमा वर्णन गर्न खोजेका छन् ।

आर्थिक वृद्धि र आर्थिक विकास उही एउटै जस्तो देखिए पनि यी दुईमा अन्तर छ । आर्थिक विकास सम्बन्धी केही पर्यायवाची शब्दहरूको प्रयोग र आर्थिक विकासको परिभाषा बारेमा विभिन्न अर्थशास्त्रीहरूले आ-आफ्ना विचारहरू व्यक्त गरेका छन् । कसैले यसलाई Economic Growth भनेका छन्, कसैले Economic welfare, कसैले Economic progresss र कसैले निरन्तर परिवर्तन (Secular change) भनेका छन् । आर्थिक विकास भनेको व्यापक अर्थ ओगट्ने शब्दावली हो । यसैले आर्थिक विकासको एक अंश आर्थिक वृद्धि हो । अर्थात् आर्थिक वृद्धि भित्र आर्थिक विकास गर्न सकिँदैन । तर आर्थिक विकास भित्र आर्थिक वृद्धि पर्दछ । आर्थिक विकास भनेको बहुपक्षीय मानवीय भौतिक विकास हो । आर्थिक वृद्धि भएर मात्र आर्थिक विकास हुँदैन । यसको अतिरिक्त सामाजिक, शैक्षिक, प्रशासकीय र सांस्कृतिक दृष्टिले देश समृद्धि हुन सकेमात्र आर्थिक विकास भएको मानिन्छ ।

आर्थिक प्रगति अन्तर्गत परम्परागत तथा नियमित पद्धतिअनुसार उत्पादन भइरहन्छ । उत्पादनमा कुनै किसिमको नवीनताको सृजना हुँदैन । तर आर्थिक विकासको अर्थ के भने पूर्णतया नयाँ वस्तुको उत्पादन हुन्छ र प्रचलित वस्तुमा निरन्तर सुधार भइरहन्छ । यसरी आर्थिक विकास अन्तर्गत सृजनात्मक शक्तिको जन्म हुन्छ र नवीन उत्पादन हुन्छ । यसको अतिरिक्त आर्थिक विकास मानवको सर्वाङ्गिण विकाससँग सम्बन्धित हुन्छ भने आर्थिक वृद्धि को सम्बन्ध राष्ट्रिय आयको दीर्घकालीन वृद्धिसँग मात्र सीमित हुन्छ ।

१ आर्थिक विकास र आर्थिक बृद्धि (Economic Development & Economic growth)

क) आर्थिक विकाससम्बन्धी अवधारणाहरू

आर्थिक विकास, आर्थिक चाहना र वस्तुको गुणात्मक बृद्धिसँग सम्बन्धित छ । यसले प्रविधि र संरचनात्मक जस्ता वृद्धिका कारक तत्वहरूको वर्णन गर्छ । कुनै अर्थव्यवस्था बृद्धि हुन सक्छ, तर गरिबी, बेरोजगारी र आय असमानताको कारण विकसित भने हुन सक्दैन ।

जोसेफ ए. सुम्पीटर (Joseph A. Schumpter) को भनाइ अनुसार "विकास स्वभाविक रूपमा एक अवस्थाबाट अर्को अवस्थामा पुगेर साविक भइरहेको अवस्थामा परिवर्तन गर्ने एउटा तरिका हो ।"

विकासवादी प्रसिद्ध अर्थशास्त्री (Michale P. Todaro) ले आर्थिक विकासलाई समग्र रूपमा यसरी व्याख्या गरेका छन् "आर्थिक विकास भन्नाले एउटा बहु आयामिक प्रक्रिया हो जसद्वारा सामाजिक ढाँचा, लोकप्रिय धारणा, राष्ट्रिय संघसंस्थाहरू आदिमा ठूलो परिवर्तन ल्याउँछ । साथसाथै आर्थिक विकास अत्याधिक अभिबृद्धि हुने अनि धन र आयको असमान वितरणमा कमी आई निरपेक्ष गरिबीको निर्मूल हुन जाने हुन्छ ।"

आर्थिक विकास यस्तो प्रक्रिया हो जसअन्तर्गत दीर्घकालीन समयमा कुनै अर्थ व्यवस्थाको वास्तविक रूपमा प्रतिव्यक्ति आय बृद्धि हुन्छ । यसरी बृद्धि भएको राष्ट्रिय आम्दानीको दर त्यस देशको त्यही समयको जनसंख्या बृद्धि दरभन्दा बढी भएमा वास्तविक प्रतिव्यक्ति आयमा बृद्धि हुन्छ । यो नै आर्थिक विकास हो । यस सम्बन्धमा हारोल्ड एफ. विलियमसन्को विचार यस्तो छ :-

प्रत्येक देशको उपलब्ध साधन त्यस देशका निवासीहरूको प्रतिव्यक्ति सेवा तथा आयमा बृद्धि ल्याउने उद्देश्यले उपयोग गरिन्छ । यसैले आर्थिक विकास यस्तो एक प्रक्रिया हो, जसको माध्यमबाट कुनै दिइएको समयमा खास आर्थिक स्थिति भएमा व्यक्तिहरूको वास्तविक आम्दानीमा बृद्धि हुन्छ । आर्थिक विकासलाई गतिशील रूप दिने खास केही तत्वहरू हुन्छन् । ती तत्वहरूमा हुने परिवर्तन नै आर्थिक विकास सम्बन्धी प्रक्रियाको मुख्य आधार हो । परिवर्तन साधनको माग तथा पूर्तिको कारणबाट हुन्छ । साधनहरूको परिवर्तन जनसंख्याको बृद्धि, पूँजी संकलनमा बृद्धि, बढी नवीन साधनहरूको खोजी, उत्पादनको नयाँ प्रविधिको उपयोग र अन्य संस्थागत परिवर्तनको कारणबाट हुन्छ । यसरी नै मागको परिवर्तनका मुख्य कारणहरूमा प्रति व्यक्ति आय तथा त्यस्तो आयको वितरणमा भएको परिवर्तन उपभोक्ताहरूको इच्छामा भएको परिवर्तन र यस्तै अन्य संस्थागत तथा संगठनात्मक परिवर्तन आदि मुख्य हुन्छन् ।

www.dotnepal.com

माग तथा पूर्तिमा हुने परिवर्तनहरू एक अर्कामा निर्भर रहेका हुन्छन् । यी परिवर्तन नै आर्थिक विकासको कारण तथा परिणाम हुन्छन् । आर्थिक विकासको फलस्वरूप माग तथा पूर्तिको आकार-प्रकारमा परिवर्तन हुन्छन् ।

वास्तवमा विकासको सिद्धान्त तथा अर्थमा नै ज्ञान र अनुभवको वृद्धिको साथै परिवर्तन पनि हुँदै गइरहेको छ । सन् १९५० को दशकमा यी विचारहरूले महत्वपूर्ण स्थान ओगटेका थिए ।

समाजको बनोट, वितरण-व्यवस्था, सामाजिक मान्यताहरू नै समाज कल्याणतिर प्रभावित भएको कुनै आर्थिक स्थिति भएमा मात्र राष्ट्रिय आम्दानीको सिद्धान्त उपयोगी हुन्छ । वास्तवमा यस्तो उपयुक्त समाज हुन दुर्लभ हुन्छ । यसैले राष्ट्रिय आम्दानीमा वृद्धि हुनु नै आर्थिक विकास होइन ।
यसको विकल्पको रूपमा अन्य सिद्धान्तहरूको खोजी भयो । सन् १९६० को दशकमा विकास गर्ने मुख्य साधन मानिस हो र विकासको उपयोग गर्ने पनि मानिस नै हो । मानवीय शक्तिको सदुपयोग र यसको क्षमतामा बृद्धि हुनु नै आर्थिक विकास हो भन्ने विचारले विश्वमा प्रभाव पार्‍यो । यसबारे निम्न पंक्तिहरू प्रस्तुत गर्नु प्रासंगिक देखिन्छ ।

सन् १९०० तिर विकास भन्ने कुरा केवल शहरी विकाससँग मात्र सम्बन्धित गराएर हेरिएको पाइन्छ । यसरी विकासलाई अवधारणात्मक रूपमा अगाडि सारिएको शायद यो प्रथम समय नै थियो । पछि सन् १९३० सम्म आइपुग्दा विकासको अर्थ र यसलाई हेर्ने दृष्टिकोणमा तुलनात्मक रूपमा व्यापकता आएको देखिन्छ ।

आर्थिक विकास कूल विकासको एउटा अंग हो, अर्थात आर्थिक विकास समग्र विकासको एउटा सानो हिस्सा हो । आर्थिक विकासले विकासशील देशहरूको विकासलाई व्यक्त गर्दछ । अर्थात् आर्थिक विकासले विकासशील अर्थव्यवस्थाको बोध गराउँछ । विभिन्न अर्थशास्त्रीहरूको भनाई अनुसार विकसित देशको समस्या आर्थिक बृद्धि सित सम्बन्धित हुन्छ भने विकासशील देशको समस्या आर्थिक विकाससित सम्बन्धित हुन्छ । यसरी आर्थिक विकास र आर्थिक वृद्धिबीच भिन्नता देखाएका छन् ।

उपर्युक्त सबै परिभाषाहरू अध्ययन गरिंदा आर्थिक विकासलाई यसप्रकार परिभाषा दिन सकिन्छ :
विकासको प्रमुख उद्देश्य गरीबी निवारण र आधारभूत आवश्यकता परिपूर्ति गर्नु हो भन्ने कुरा स्पष्ट पार्छ । यही कारण अर्थशास्त्री होलिस वेनरीले विकासका उद्देश्य वृद्धि लगायत पुनरवितरण (Redistribution with growth) भन्ने सिद्धान्त प्रतिपादन गरे । पुनरवितरणात्मक रणनीतिबाट आधारभूत आवश्यकता परिपूर्तिका उद्देश्यमा जोड दिन थालियो । यस विधि अनुसार आम्दानीको बृद्धिमा मात्र जोड नदिएर दीर्घकालीन रूपमा गरीबी घटाउनु पर्ने कुरामा जोड दिइयो । गरीबी घटाउने उपायहरू हुन् –स्वास्थ्यमा सुधार, पौष्टिक आहारमा नियमित पहुँच, बढी शिक्षा र उत्तम खर्च व्यहोर्न सकिने बासस्थान, आधारभूत आवश्यकतामा गाँस बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा पर्न आउँछन् । यी आवश्यकता पूरा नभएमा जीवन कष्टकर हुन्छ । अतः विकासको उद्देश्य यी वस्तुहरूको अभावबाट मानिसमा हुने दुःख, कष्टबाट मुक्ति दिलाउनु हो ।

विकासको अर्को उद्देश्य जनताको जीवनस्तरमा सुधार गर्नु हो । जनताका जीवनस्तर सुधार गर्नका लागि पहिले त आम्दानीमा वृद्धि हुनु पर्छ । बढी काम, राम्रो शिक्षा, सामाजिक र सांस्कृतिक मूल्य र मान्यताहरूमा सुधार हुनुपर्दछ । यी कुराले मानिसका नैतिक तथा भौतिक समृद्धि वृद्धि गर्छ । साथै व्यक्तिले राष्ट्रको आत्मसम्मानमा पनि वृद्धि गर्छ ।

आधुनिक विकासवादी अर्थशास्त्रीहरूले देशको सामाजिक, आर्थिक पूर्वाधारहरूको स्थापना, गरीबी निवारण, वातावरणीय पक्षको जगेर्ना, सामाजिक सेवाहरूमा विस्तार जस्ता कुराहरूलाई अल्प विकसित मुलुकहरूका लागि आर्थिक विकासको आधार मानेका छन् । अतः आर्थिक विकास भनेको निरन्तर चलिरहने त्यो प्रक्रिया हो जसद्वारा विश्वका गरीब मुलुकहरूले गरीबीको कुचक्रलाई तोड्न सक्ने र तिनीहरूको आफ्नो आम्दानीमा अभिवृद्धि हुन सक्ने, उत्पादनमा अभिवृद्धि हुन सक्ने, नयाँ नयाँ रोजगारीका अवसरहरू प्राप्त हुन सक्ने र उच्चतम जीवन व्यतित गर्न सक्ने अवस्था सृजना हुन्छ । सन् १९९० मा UNDP द्वारा आर्थिक विकासलाई मानवीय विकास सूचकलाई आधार बनाएर विशेष जोड दिइयो । : (क) प्रतिव्यक्ति आम्दानी, (ख) मानवीय आयु, र (ग) प्रौढ शिक्षा जस्ता कुराहरूलाई विशेष जोड दिइयो ।

www.dotnepal.com

साधारणतया विकास भन्नाले एउटा यस्तो अवस्थामा पुग्नु वा परिणत हुनु हो जुन पहिलेको भन्दा उन्नत र समृद्ध हुन्छ। अझै गहिरिएर सोच्ने हो भने विकास भनेको त्यो हो जसले प्राकृतिक सन्तुलनमा ह्रास आउन नदिइ मानव जीवनस्तरमा सुधार ल्याउँदै मानिसको आहार व्यवहार, बसाइ तथा दृष्टिकोणमा परिवर्तन ल्याउँछ। त्यसैले विकास भनेको भौतिक विकास मात्र होइन, यो मानव समाजको बहुपक्षिय विकास हो जस्तै- आर्थिक विकास, सामाजिक विकास, राजनैतिक विकास, प्राविधिक विकास, व्यवस्थापकीय विकास, सांस्कृतिक विकास आदि। यसरी हेर्दा विकास मानवीय प्रगतिको एउटा दिशाबोध हो जुन व्यक्ति, समाज, गाउँ वा मुलुकको अवस्थामा भर पर्दछ। वर्तमान नेपालको अवस्थामा उपलब्ध स्रोत र साधनको परिचालन (सदुपयोग) गरी रोजगारी, आय, उपभोगको वृद्धि गरी शिक्षा, स्वास्थ्यको अवस्थामा सुधार ल्याई गरीबी निवारण गर्न सक्नु नै विकास हो।

गरिबी निवारण हाल ग्रामीण नेपालको विकास अभियानमा प्राथमिकताको विषय हो। अब ग्रामीण क्षेत्रमा छरिएर रहेका गरीब जनसमुदायको अवस्थाबारे जानकारी राख्ने र तिनको अवस्थामा सुधार ल्याउने आवश्यक ज्ञान, सीप प्राप्त गर्ने उत्पादनशील रोजगारी प्राप्त गर्ने, आय आर्जन गर्ने, र उपलब्ध साधनको समुचित उपयोग गरी आफ्नो अवस्थामा सुधार ल्याउने अवसर प्रदान गर्ने र यस्ता बानी बसाल्ने खालका कार्यक्रम संचालन गर्नु नै विकास कार्यक्रमहरू हुन्। कृषि विकास, घरेलू उद्योग, शिक्षा तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम यसका उदाहरण हुन्।

विकास शब्द अत्यन्त मूल्यवान र संभवत निकै नै प्रभावकारी अवधारणा हो। यो एउटा सकारात्मक संरचनागत परिवर्तित स्वरूप हो। एउटा परिवर्तन र निरन्तर चलिरहने नयाँ अवस्थाको स्थापना र शुरूवात हो। अतः मानव समुदायको जीवन पद्धतिको स्वनिर्भर सकारात्मक र स्वपरिचालित अवस्था नै विकास हो जसमा मानवीय र सामाजिक पक्ष पूर्ण रूपमा समेटिएको हुन्छ। विकासलाई बहुपक्षीय प्रक्रियाको रूपमा लिँदै संरचनात्मक परिवर्तन र दृष्टिकोणमा संस्थागत परिवर्तनलाई बहुपक्षिय प्रक्रियाको रूपमा लिइएको छ। निरपेक्ष गरीबीको निवारण र असमानता हटाउने सवालमा आर्थिक वृद्धिलाई सकारात्मक विश्लेषणबाट माथि उठी सामाजिक पूँजीको महत्वलाई जोड दिँदै समानता तर्फ केन्द्रित गरेको पाइन्छ।

सन् १९६० को दशकसम्म प्रतिव्यक्ति आम्दानी तथा राष्ट्रिय आम्दानी सम्बन्धी धारणाहरूले महत्व पाएका थिए। त्यसबेला सम्मका अर्थशास्त्री आम्दानीको वृद्धिलाई वास्तविक आर्थिक विकासको रूपमा व्याख्या गर्दै आएका थिए। तर यस पछिका अर्थशास्त्रीहरूले यसलाई स्वीकार नगरी गरिबी तथा सामाजिक सुधार तथा कल्याणलाई जोड दिएर आर्थिक विकासको व्याख्या गर्ने गरेको पाइन्छ। तर समग्रमा हेर्दा वर्तमान समयमा आर्थिक विकासको समष्टिगत धारणाले मुलतः ३ वटा मुल्य (Core value) बोकेको देखिन्छ। १) आत्म निर्भर र आधारभूत आवश्यकता पूरा गर्न सक्ने क्षमता २) आत्मसम्मान (व्यक्तित्व स्थापना ३) दासत्वबाट मुक्ति-छनौट गर्ने सक्षमता/अर्थशास्त्री नर्मन एल हिक्स र पाउल पी. स्ट्रिटेन ले ५ वटा सामाजिक सुचकको विकास गरी त्यसैको आधारमा आर्थिक विकासको अवस्था तथा गति नाप्न सकिने तर्क अगाडि सारेका छन्। यसलाई अरू समर्थक अर्थशास्त्रीले आधारभूत आवश्यकताको मापदण्डका रूपमा पनि व्याख्या गरेको पाइन्छ। हिक्स तथा पाल स्ट्रिटिनले विकास गरेका त्यस्ता सूचकहरू यस प्रकार छन् –स्वास्थ्य, शिक्षा, खाना, खानेपानी आपूर्ति, सरसफाइ, घर सुविधा।

विकास कार्यमा जनसहभागिता प्राप्त गर्न सरकारले निम्न उपायहरू अपनाउनु पर्दछ :-

१. स्थानीय जनताले आफ्नो विकास आफैं गर्न सक्ने बनाउने
२. स्थानीय जनताको आवश्यकता अनुसार विकास कार्यक्रमको तर्जुमा संचालन गर्ने।
३. विकास आयोजनाको शुरूदेखि नै जनतालाई संलग्न गराउने।
४. जनसमूहलाई विकासदेखि नै संगठित तथा परिचालन गर्ने।
५. कार्यक्रम संचालनमा पुर्ण तथा पारदर्शिता अपनाउने।
६. कार्यक्रम सम्पादनमा जवाफदेहीता बहन गर्ने परम्परा विकसित गर्ने।
७. विकास परियोजनाको तर्जुमा कार्यान्वयन मरम्मत संभार अनुगमन तथा मूल्यांकन जस्ता विभिन्न खुड्किलाहरूमा जनतालाई सहभागी गराउनुपर्ने।

स्टेली (Eugene staley) ले मुल मानव आवश्यकतालाई निम्न अनुसार बताएका छन् –

१. जीवनको पर्याप्त स्तर जसमा भोजन, कपडा, आवास, औषधी, शिक्षा जस्ता आधारभूत कुराहरू सम्मिलित हुनुपर्दछ।
२. सुरक्षाको भावना हुनुपर्दछ।

www.dotnepal.com

३. स्वाधीनता र सहभागिताको भावना हुनुपर्दछ ।
४. रचनात्मक अवसर हुनुपर्दछ ।
५. अरूसँग सम्बन्धित हुने भावना हुनुपर्दछ ।
६. उद्देश्यको भावना हुनुपर्दछ ।

ख) आर्थिक वृद्धि

जोसेफ ए. शुम्पिटर (Joseph A. Schumpter) ले आर्थिक विकास र आर्थिक वृद्धिलाई एकै रूपमा हेरेका थिए । तर सन् १९११ मा सुम्पिटरले 'The theory of economic development' पुस्तक प्रकाशनमा ल्याए पछि दुवै बीचको भिन्नता प्रस्ट भयो । प्रा.जे.ए.शुम्पीटरको भनाइअनुसार विकास भनेको पहिलेदेखि नै विद्यमान सन्तुलनको अवस्थालाई सँधैका लागि परिवर्तन र विस्थापित गर्ने निरन्तर र स्वतःस्फूर्त परिवर्तन हो भने बृद्धि भनेको बचत र जनसंख्याको दरमा हुने सामान्य बृद्धिको कारणले दीर्घकालमा उत्पन्न हुने सामान्य र क्रमिक परिवर्तन हो । (Development is a discontiuous and spontaneous change in the stationary state which forever alters and displaces the equilibrium state previously existing; while growth is a gradual and steady change in the long-run which comes about by a general increase in the rate of savings and population. –Prof.J.A Schumpeter. शूम्पीटरको यस परिभाषाले विकास भनेको क्रान्तिकारी वा परिवर्तनशील पक्ष हो र बृद्धि भनेको सुधारात्मक पक्ष हो भन्ने कुरा बुझाउँदछ । धेरै अर्थशास्त्रीहरूले शूम्पीटरको यस परिभाषाको समर्थन गरेका छन् ।

प्रो. वरेरी (prof. barrere) को विचारमा आर्थिक वृद्धि भनेको जनसंख्या तथा कुल आय दुवैका वृद्धि हुनु हो ।" विकसित राष्ट्रको आयस्तर उठाउने प्रक्रिया नै आर्थिक वृद्धि हो । यसले उन्नत तथा स्वतन्त्र अर्थव्यवस्थालाई संकेत गर्छ । एक परम्परागत तथा नियमित पद्धतिलाई जनाउँछ जसअनुसार उत्पादन कार्य भइरहन्छ र नवीनताको सिर्जना हुँदैन । यसको सम्बन्ध राष्ट्रिय आयको दीर्घकालीन वृद्धिसँग मात्र सिमित हुन्छ । आर्थिक वृद्धि श्रम, शक्ति, उपभोग, पूँजी र व्यापारको मात्रा आदिको विकासबाट त्यसको प्रतिव्यक्ति आय वा उत्पादनको परिमाणात्मक अभिवृद्धिसँग सम्बन्धित छ ।

प्रो.ए.मेडिसनको भनाइअनुसार आम्दानीको स्तरमा भइरहेको बृद्धिलाई सामान्यतया धनी देशहरूमा आर्थिक बृद्धि र गरीब देशहरूमा आर्थिक विकास भन्ने गरिन्छ (The rising of income levels is generally called economic growth in rich countries and in poor ones it is called economic development. –Prof. A Maddison) .

श्रीमती उर्सुला हिक्सको भनाइअनुसार अल्पविकसित देशका समस्याहरूको सम्बन्ध प्रयोगमा नआएका तर तिनीहरूको प्रयोगको बारेमा जानकारी भएका साधनहरूको विकाससँग छ भने विकसित देशका समस्याहरूको सम्बन्ध बृद्धिसँग रहेको हुन्छ जसका धेरैजसो साधनहरू पहिले नै जानकारीमा आइसकेका हुन्छन् र केही हदसम्म तिनीहरूको विकास पनि भइसकेको हुन्छ (The problems of underdeveloped countries are concerned with the development of unused resources, even though their uses are well known, while those of advanced countries are related to growth most of their resources being already known and developed to a considerable extent. –Mrs. Ursula Hicks.

सी.पी.किण्डलबर्गर र हेरिकको भनाइअनुसार आर्थिक बृद्धि भनेको उत्पादनमा बृद्धि हो भने आर्थिक विकास भनेको उत्पादनमा बृद्धिको साथै ती उत्पादित वस्तुहरूको उत्पादन र वितरणको प्राविधिक र संस्थागत व्यवस्थापनको परिवर्तन पनि हो (Economic growth means more output, while economic development implies both more output and changes in the technical and institutional arrangements by which it is produced and distributed. –C.P. Kindleberger and Herrick) .

प्रा.जोन फ्राइडमेनको भनाइअनुसार आर्थिक बृद्धि भनेको कुनै संरचनात्मक परिवर्तन बिना एक वा एकभन्दा बढी आयाममा व्यवस्थाको बिस्तार हुनु हो भने आर्थिक विकास भनेको सामाजिक व्यवस्थाको संरचनात्मक परिवर्तन गर्ने नवप्रवर्तनात्मक प्रक्रिया हो (Prof.John Friedman defines growth as an expansion of the system in one

www.dotnepal.com

or more dimensions without a change in its structure, and development as an innovative process leading to the structural transformation of social systems.)

आर्थिक वृद्धिले विकसित देशहरूको आर्थिक प्रगतिको संकेत गर्दछ। आर्थिक वृद्धि भएको समयमा यस्ता देशहरूको आम्दानी र उत्पादनमा लामो समयसम्म निरन्तर रूपमा वृद्धि भइराखेको हुन्छ। प्रा.साइमन कुज्नेत्सको भनाइअनुसार आर्थिक वृद्धि भनेको देशका जनता समक्ष विविध आर्थिक वस्तुहरूको बढ्दो आपूर्ति गर्ने दीर्घकालीन क्षमता हो र यो बढ्दो क्षमता विकसित प्रविधि र संस्थागत एवं वैचारिक समायोजनमा निर्भर गर्दछ। (Economic growth is long-term rise in capacity to supply increasingly diverse economic good to its population, this growing capacity based on advancing technology and the institutional and ideological adjustments that it demands. –Prof. Simon Kuznets). प्रा.कुज्नेत्सको यो परिभाषाले (क) वस्तुको पूर्तिमा दिगो वृद्धि, (ख) विकसित प्रविधि र (ग) संस्थागत र वैचारिक समायोजन जस्ता तीन कुराहरूलाई विशेष महत्व प्रदान गरेको छ।

प्रा.साइमन कुज्नेत्सले विकसित देशहरूका आधुनिक आर्थिक बृद्धिका ६ वटा विशेषताहरू हुने कुरा बताएका छन्। ती ६ वटा विशेषताहरूमध्ये दुईवटा परिमाणात्मक परिवर्तन, दुईवटा संरचनात्मक रूपान्तरण र दुईवटा अन्तर्राष्ट्रिय विस्तार स्वभावका छन्। प्रा.कुज्नेत्सले वर्णन गरेका यी ६ वटा विशेषताहरूको यहाँ छोटकरीमा वर्णन गर्नु सान्दर्भिक होला।

१. प्रतिव्यक्ति उत्पादन तथा जनसंख्याको उच्च दरमा बृद्धि (High Rates of Growth of Per Capita Output and Population)
२. उत्पादकत्व बृद्धिको बढी दर (High Rates of Productivity)
३. अर्थव्यवस्थाको संरचनात्मक रूपान्तरणको उच्चदर (High Rates of Structural Transformation of the Economy) :-
४. सामाजिक र वैचारिक रूपान्तरणको उच्च दर (High Rates of Social and Ideological Transformation)
५. अन्तर्राष्ट्रिय आर्थिक विस्तार (International Economic Outreach) :
६. आर्थिक वृद्धिको सीमित अन्तर्राष्ट्रिय विस्तार (Limited International Spread of Economic Growth) :

आर्थिक वृद्धि दीर्घकालीन प्रक्रिया हो। प्रतिवर्ष राष्ट्रको कुल उत्पादन क्षमतामा भएको वृद्धि र त्यसको उपयोगबाट राष्ट्रिय उत्पादनको आयतनमा भएको वृद्धिलाई आर्थिक वृद्धि भनिन्छ। बढ्दो जनसंख्याको माग पुरा गर्न तथा उपभोग बढाएर समाजको जीवनस्तर उकास्नको लागि प्रतिवर्ष विभिन्न किसिमका वस्तु र सेवाहरूको उत्पादन बढाउनु पर्ने हुन्छ तर त्यसै अनुरूप उत्पादन क्षमता नबढेसम्म उत्पादन बढाउन सक्दैन। फलस्वरूप आर्थिक वृद्धि दिगो हुन सक्दैन। त्यसैले अर्थतन्त्रको उत्पादन क्षमतामा निरन्तर वृद्धि गरी कूल उत्पादन क्षमतामा निरन्तर वृद्धि गराउने प्रक्रिया नै आर्थिक वृद्धिको प्रक्रिया हो।

आर्थिक कल्याण (Economic Welfare)

आर्थिक कल्याणमा वृद्धि हुनुलाई आर्थिक विकास मान्ने अर्थशास्त्री Okun and Richardson हुन्। उनीहरूको भनाइ अनुसार, आर्थिक विकास भनेको बढी मात्रामा वस्तु तथा सेवा उपलब्ध हुनु हो जसबाट मानिस भौतिक कल्याणमा निरन्तर वृद्धि हुन्छ। यस परिभाषामा समाजमा वस्तु तथा सेवाको पर्याप्तताद्वारा सामाजिक कल्याणमा वृद्धि भै आर्थिक विकास हुन्छ भन्ने कुरामा जोड दिइएको छ।

आर्थिक कल्याणको मापदण्डले उपभोगलाई जोड दिएको छ। उपभोगमा वृद्धि नभईकन जनताको जीवनस्तरमा सुधार हुन सक्दैन। आर्थिक कल्याणको आधारमा आर्थिक विकास मापन गर्दा आर्थिक विकासले प्रतिव्यक्ति आय वृद्धि हुनुका साथसाथै आयको असमान वितरण घट्न गई समस्त जनसाधारणहरूको सन्तुष्टि अधिकतम बढ्दै गइरहेको अवस्थालाई दर्शाइएको हुन्छ। आर्थिक विकासको प्रक्रियामा व्यक्तिहरूद्वारा उपभोग गरिने वस्तु तथा सेवाहरूको स्तर वृद्धि हुँदै गइरहको हुन्छ। आीर्थक कल्याणमा वृद्धिका परिसूचकमा विश्वास गर्ने अर्थशास्त्रीहरूको भनाइ अनुसार आम्दानी तथा उत्पादन मात्र आर्थिक विकासको सूचक हुन सक्दैन। उत्पादन आर्थिक विकासको लागि आवश्यक भए तापनि वितरणलाई पनि ध्यान दिनुपर्दछ। उत्पादन र आम्दानीको ठूलो हिस्सा सीमित व्यक्तिमा केन्द्रित हुने गरी उत्पादन र आम्दानी बढ्ने अवस्थालाई सच्चा अर्थमा आर्थिक विकास भन्न नसकिने धारणा कल्याणवादी

www.dotnepal.com

अर्थशास्त्रीहरूको धारणा रहेको पाइन्छ । कल्याणवादी अर्थशास्त्रीहरूका मतानुसार आर्थिक विकास भए नभएको मापन गर्नको लागि गरिबी घटेको वा बढेको, साधनको वितरण अधिकतम व्यक्तिको साथमा जान सके नसकेको, बेरोजागारीको आकार घटेको या नघटेको तथा मानिसको जीवनस्तरमा सुधार आएको वा नआएको भन्ने कुराको मापन गर्न सकिन्छ ।

आधुनिक धारणा **(Modern Concept)**
आधुनिक धारणाको पक्षधर अर्थशास्त्रीहरूले राष्ट्रको उत्पादन, राष्ट्रिय आय, प्रतिव्यक्ति आम्दानी, आदिको साथसाथै आधारभूत आवश्यकता, जीवनको भौतिक गुण सूचक, मानव विकास सूचक आदि जस्ता गैर आम्दानी परिसूचक (non -economic factors) लाई समेत आर्थिक विकासको मापदण्डको रूपमा लिएको पाइन्छ । आर्थिक विकासको मापदण्डलाई वर्तमान समयमा सुक्ष्म अर्थशास्त्र र बृहत अर्थशास्त्र (Micro and macro economics) गरी दुइ पक्षबाट हेर्न सकिन्छ । अर्थव्यवस्थामा शिक्षा र प्रशिक्षणको सुविधामा वृद्धि हुनु, लगानीको मात्रामा वृद्धि हुनु, मानिसहरूको उत्पादन क्षमतामा वृद्धि हुने तथा समाजमा विद्यमान मूल्य, मान्यता, रहन सहनको स्तरमा क्रमिक सुधार आउनुलाई पनि आर्थिक विकासको मापदण्ड (indicator of economic development) मानिएको छ । केही अर्थशास्त्रीहरूले शिक्षा, स्वास्थ्य , खाद्यान्न, पोषण, सीप, साक्षरता रोजगारीको अवस्था, आधारभूत आवश्यकताको उपभोग, यातायताको सुविधा, वासस्थान, मनोरञ्जन, सामाजिक सुरक्षा जस्ता विषयहरूलाई आर्थिक विकासको सूचकको रूपमा लिएका छन् ।

२ सामाजिक परिवर्तन तथा सामाजिक विकास **(Social change and social development):-**
अल्प विकसित देशहरूमा अवैज्ञानिक प्राचीन रूढीवादी विचारधाराको प्रभाव रहन्छ । यसले गर्दा त्यहाँको मानिसहरू कार्यमा भन्दा धर्ममा र श्रममा भन्दा भाग्यमा बढी विश्वास गर्दछन् । उत्पादनशील क्षेत्रमा लगानी गर्नुको सट्टा अनुत्पादनशील क्षेत्रमा खर्च गरी समाजमा धाक रवाफ देखाउँदछन् । यस्ता देशमा अवैज्ञानिक जातिपाती, छुवाछुत प्रथा धेरै मात्रामा पाइन्छ । यी सबै कारणले आर्थिक विकास कार्यलाई अगाडि बढ्न दिंदैन । वैज्ञानिक विचारले प्रतिस्थापन गरिसकेको पाइन्छ । सामाजिक स्वरूप आर्थिक विकासका लागि महत्वपूर्ण प्रभावकारी तत्वको रूपमा रहेको हुन्छ । समाजमा भएका मानिसको सोचाइ तथा आवश्यकता अनुसार नै आर्थिक विकासको कार्यक्रमहरू तय हुन्छन् तथा नीतिहरूको संचालन हुन्छ । फेरि विकास प्रतिको चाहना सामाजिक स्वरूपबाट प्रभावित हुन्छ । समाजको स्वरूप अनुसार नै तिनीहरूको विभिन्न पेशामा संलग्न हुने र सोही अनुसारका कामहरू सञ्चालन हुने हुँदा आर्थिक तथा सामाजिक विकास समाजको संरचनाले ठूलो प्रभाव पार्दछ । सामाजिक क्षेत्रलाई बेवास्ता गरेर अर्थात् सामाजिक न्याय, समानता, सशक्तिकरण, साँस्कृतिक समायोजन, सचेतीकरण आदि बिनाको विकासलाई पूर्ण विकास मान्न सकिन्न । त्यसकारण सामाजिक विकासलाई विकासको साध्य मान्नुपर्दछ ।

रागनर नर्क्स (Ragnar Nurkse) ले उल्लेख गरे अनुसार, मानवीय गुण, सामाजिक प्रवृत्ति, राजनीतिक अवस्था र ऐतिहासिक घटनाक्रमको आर्थिक विकाससँग निकटतम सम्बन्ध रहेको हुन्छ । Economic development has much to do with human endowments, social attitudes, political conditions and historical accidents. सामाजिक मूल्य जसले मानवीय व्यवहारको प्रवृत्ति जनाउँछ र मानवीय मान्यता जसले मानिसका समग्र विश्वास, आचरण तथा मूल्य जनाउँछ, यही नै आधुनिक उच्च आर्थिक अभिबृद्धिको कारक तत्व हो । कुनै पनि देशको आर्थिक विकास र त्यस देशका सामाजिक, आर्थिक, राजनैतिक र वैधानिक संस्थाहरूबीच घनिष्ट सम्बन्ध हुन्छ । विश्वको आर्थिक विकासको अध्ययनबाट थाहा हुन्छ कि सामाजिक र आर्थिक संस्थाहरूका सम्बन्धित देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान रहेको छ । K.William kapp and Lore L. kapp को भनाई अनुसार, "The study of economic development can no longer dispense with the analysis of the role which traditions and institutions play in process of economic growth." अर्थात् आर्थिक विकासलाई परम्पराहरू र संस्थाहरूबाट अलग गर्न सकिदैन । कार्लमार्क्स (Marx) ले पनि आर्थिक विकासमा सामाजिक र आर्थिक दृष्टिकोणको महत्वलाई स्वीकार गरेको छ । अनुकूल सामाजिक वातावरणले अर्थतन्त्रको विकासमा ठूलो टेवा पुऱ्याउँछ । रोष्टो (Rostow) को मत अनुसार विज्ञानको प्रगति गर्ने, विज्ञानलाई आर्थिक उद्देश्यको लागि प्रयोग गर्ने, नव प्रवर्तन स्वीकार गर्ने, भौतिक उन्नति चाहने, उपभोग प्रवृत्ति, बच्चा जन्माउने प्रवृत्ति आदि राजनीतिक तथा सांस्कृतिक तत्वहरूमा समुदायका प्रवृत्तिहरू निर्भर गर्दछन् । समाजद्वारा स्वीकृत साधन, तरीका, प्रथा तथा पद्धतिलाई संस्था भनिन्छ । संस्थाद्वारा सामूहिक उद्देश्यपूर्ति हुन्छ । सामाजिक मूल्य, मान्यताहरूमा अनुकूल भएको देशमा द्रुततर गतिमा आर्थिक विकास

www.dotnepal.com

भएको पाइएको छ । आधुनिक आर्थिक बृद्धिलाई सामाजिक तथा धार्मिक, सांस्कृतिक परम्पराहरूले ठुलो प्रेरणा दिएको थियो । पाश्चात्य समाजमा भौतिकवादी दृष्टिकोण, व्यक्तिगत स्वतन्त्रता भएको व्यक्तिवाद, उद्यमशीलताको विकास, विवेकशीलताको गुणहरू पाइन्छन् । नेपाल जस्तो अल्पविकसित देशमा विकासको लागि प्रतिकूल धार्मिक र सांस्कृतिक मान्यताहरू विद्यमान छन् ।

Prof. Korman Jacobs ले सामाजिक र आर्थिक संस्थाहरूको विश्लेषणको सन्दर्भमा चीन र जापानको आर्थिक विकासका कारणहरूको तुलनात्मक अध्ययन गर्दै बताएका छन् कि आजको आधुनिक जापान निःसन्देह आफ्नो उपयुक्त सामाजिक ढाँचा र अनुकूल वातावरणको परिणाम हो जब कि यसको विपरीत चीनको विकास क्षमतालाई यी संस्थाहरूले सीमित बनाएको छ । वास्तवमा मानिसको चरित्र, स्वभाव, दृष्टिकोण र मनोवृत्ति सामाजिक मूल्य र मान्यता, सामाजिक र आर्थिक संस्थाहरू कुनै पनि देशको आर्थिक विकासमा ठुलो प्रभाव पार्छ । विकासशील देशहरूमा यी सामाजिक मूल्य र मान्यता तथा सामाजिक संस्थाहरूको अझै बढी महत्व छ । संयुक्त राष्ट्र संघ (UNO) को एक प्रतिवेदन अनुसार 'उपयुक्त वातावरणको अभावमा आर्थिक प्रगति हुँदैन । देशका जनताले प्रगतिको चाहना गर्नुपर्दछ र सोही अनुकूल उनीहरूको सामाजिक, आर्थिक, कानूनी तथा राजनैतिक संस्थाहरू हुनुपर्दछ ।"(Economic progress will not occur unless the atmosphere is favourable to it. the people of a country must desire progress and their social, economic, legal and political institutions must be favourable to it.) मम दाउ डिया (Mama dou Dia) को धारणा अनुसार जापान, कोरिया तथा ताइवान जस्ता देशले आफ्ना अनुपम राष्ट्रिय विशेषतालाई कायम गरेर वा स्थानीय रीतिरिवाज, सांस्कृतिक वा परम्परागत मूल्यहरूलाई तिरस्कार नगरीकनै उच्चस्तरको आधुनिक उत्पादन तथा उच्चस्तरको प्रविधि हासील गर्नुको साथै आधुनिकीकरण गर्न सफल भएका छन् । मम दाउ दियाको भनाई अनुसार "परम्परागत मूल्यहरूलाई आर्थिक दक्षता तथा संचयसँग मिलाउनु र प्रभावकारी आन्तरिक व्यवस्थापन अभ्यासको निर्माण गर्नु आर्थिक विकासको लागि महत्वपूर्ण छ "The reconcilation of these traditional values with the imperatives of economic efficiency and accumulation building on effective indigenous management practices is, therefore, crucial to economic development.)

Max Weber को विचारमा प्रोटेस्टेन्ट धर्मले पश्चिमी देशहरूको आर्थिक विकासमा सहायक सिद्ध भएको छ । यसको विपरीत चीनमा कन्फ्युसीयस धर्म (confucianism) ले सादा जीवनमा बढी बल दिएर आर्थिक विकासलाई बाधा पार्‍यो । भारतमा धर्म आर्थिक विकासको मार्गमा बाधक र सहायक दुबै रहेको छ । साधनको रूपमा भारतीय धर्ममा दरिद्रतालाई पाप सम्झेर मानिसलाई कठिन परिश्रम गर्न प्रेरित गर्‍यो । बाधकको रूपमा यसले भौतिक सुख र सम्पन्नताको स्थानमा आध्यात्मिक उन्नति सादा जीवन उच्च विचार अहिंसा परमोधर्म आदिमा बढी बल दिएको छ, जसले उत्पादन, उपभोग र विनियोगमा खराब प्रभाव पारेको छ । W.W.Rostow ले उल्लेख गरेअनुसार देशको आर्थिक विकासका क्रममा समुदायको प्रवृत्तिको रूपमा अनुकूल सामाजिक वातावरणको निम्नलिखित महत्व रहेको हुन्छ -(१) आधारभूत विज्ञानको विकास गर्ने प्रवृत्ति (२) आर्थिक साध्यमा वैज्ञानिक नियम लागु गर्ने प्रवृत्ति (३) नवप्रवर्तनको प्रकृयालाई स्वीकार गर्ने प्रवृत्ति (४) भौतिक उन्नतिको खोजी गर्ने प्रवृत्ति (५) उपभोग गर्ने प्रवृत्ति (६) बच्चा जन्माउने प्रवृत्ति ।

उल्लेखित परिभाषाहरूलाई ध्यानमा राख्दा सामाजिक संस्थाहरूमा निम्नलिखित विशेषताहरू पाउन सकिन्छ :- जस्तै

- संस्था व्यक्तिलाई नियन्त्रण गर्ने साधन हो र संस्थाहरू परम्परागत रूपमा सिर्जित हुँदै जान्छन् ।
- संस्थाले एक प्रणाली वा एकाइको रूपमा काम गर्छ र व्यवस्थित कार्य प्रणालीको आधारमा संस्थाको निश्चित संरचनाको निर्माण भएको हुन्छ,
- संस्था मानिसहरूको सामूहिक क्रियाकलापमा आधारित हुन्छ,
- संस्थाको आफ्नै कार्यविधि र नियम हुन्छ र संस्थामा रहेका सबैले त्यसको पालना गर्दछन्,
- सामाजिक नियन्त्रणका अन्य साधनहरूभन्दा संस्था बढी स्थिर वा स्थायी प्रकृतिको हुन्छ ।
- प्रत्येक संस्थाको कुनै न कुनै प्रतिक वा परिचायक चिन्ह हुन्छ ।
- समिति तथा संस्थाहरू सामाजिक संरचनाका तत्वहरू हुन् र सामाजिक संरचना र संगठन अमूर्त तथा अस्पर्श घटनावस्तु हो ।
- समाजको संरचनाको बाह्य स्वरूप भन्दा आन्तरिक स्वरूप बढी स्थित रहन्छ र हरेक सामाजिक संस्थाका खास किसिमका उद्देश्यहरू हुन्छन् ।

www.dotnepal.com

संस्थाको विकाससीत सम्बन्धित नेतृत्व, सिद्धान्त, कार्यक्रम, साधन आदि विभिन्न तत्वमा गरिएको सुधारले पनि परिवर्तन ल्याउँछ। भईरहेको संस्थामा सुधार ल्याउनु तथा नयाँ संस्था खोलेर भएपनि ती संस्थाले सामाजिक परिवेशमा केही नयाँ कुरा दिन खोजिरहेका हुन्छन् जसलाई हामीले व्यवहार परिवर्तन (innovation) भन्दछौं।

सामाजिक प्रक्रिया व्यवहार गर्ने त्यस्तो ढंग वा ढाँचा हो जसद्वारा एउटा समूहका सदस्यहरूको सम्बन्ध स्थापित हुन्छ र एक भिन्न विशेष प्राप्त गर्दछन्। सामाजिक प्रक्रियाको अर्थ विभिन्न व्यक्ति तथा समूहहरूको बीचमा हुने अन्तरक्रियाको विविध प्रकार हो जस अन्तर्गत सहयोग, द्वन्द्व, सामाजिक विभेदीकरण, एकीकरण विकास, उत्थान र पतन आदि पर्दछन्। समाज भनेको दुई वा दुई भन्दा बढी व्यक्तिहरू बीचको अन्तर सम्बन्ध हो। अन्तर क्रियात्मक सम्बन्धको जालो हो। मानवीय सम्बन्ध हो। यसैले सामाजिक परिवर्तन मानव बीचको सम्बन्धको स्वरूपमा ढाँचामा, विशेषतामा आउने फेरबदल हो, भिन्नता हो, संशोधन हो, रूपान्तरण हो, परिवर्तन तथा फेरबदल एक शास्वत नियम हो, निरन्तर प्रकृया हो। परिवर्तन भनेको कुनै पनि चीजको पहिलो अवस्था, ढाँचा स्वरूप अथवा विशेषतामा आउने अन्तर भिन्नता या फेरबदल हो। समयको अन्तरालमा कुनै पनि बस्तुमा देखा पर्ने भिन्नता नै परिवर्तन हो। सामाजिक परिवर्तन सामाजिक सम्बन्धको प्रणालीमा आउने भिन्नता तथा अन्तर हो। सामाजिक सम्बन्धहरू भन्नाले सामाजिक प्रक्रियाहरू, अन्तरक्रियाहरू र सामाजिक संगठन, संरचना, व्यवस्थाहरू हुन् भन्ने बुझिन्छ।

सामाजिक परिबर्तनले सामाजिक जिबनको आधारभुत एवं पुरक बिषेषताहरुसंग सरोकार राख्ने गर्दछ जसमा यकातर्फ स्थायित्व , निरन्तता र पुनराबृति लाई ध्यान दिइनेछ भने अर्को तर्फ गतिशलता र परिबर्तनशिलतालाई सरकार राखिनेछ वास्तबमा सामाजिक परिबर्तनका प्रक्रिययाहरु नियमित र अन्तरसम्बन्धीत हुनेछन सामाजिक परिर्वतन प्रत्येक समयमा सम्पुर्ण मानव समाजमा हुने गर्दछ जस्तो क्रान्ति र आन्दोलनवाट स्थापित हुने नयां मुल्य मान्यता र अवस्थाहरु अर्कोतर्फ कतिपय सामाजिक परिवर्तनहरु क्रमिक रुपमा हुने गर्दछन जसलाई पुर्व अनुमान गर्न सकिने छ। चाल्स एल हपर्ब को विचारमा " समयको दौरानमा सामाजिक संरचना तथा संस्कृतिक ढांचामा हुने महत्वपुर्ण परिवर्तनलाई सामाजिक दैरानको संख्या दिन सकिन्छ। "जो हयाजेलहस्टले सामाजिक परिबर्तनले दिएको परिभाषा अनुसार " सामाजिक संरचनामा हुने परिबर्तन नै सामाजिक परिर्वतन हो जसमा , प्रकृति , सामाजिक संस्थाहरु, समाजको सामाजिक व्यवाहार तथा सामाजिक सम्बन्ध मानिसहरुको समुदाय आदि सम्बन्धीत हुनेछन।"

सामाजिक परिवर्तनको अर्थलाई स्पष्ट :बअभिखभच भन्दछन् "मानवीय सम्बन्धमा हुने परिवर्तन सामाजिक परिवर्तन हो।" Kingsley Davis भन्दछन् -"सामाजिक परिवर्तनको तात्पर्य त्यस्ता समस्त अन्तरहरू हो, जुन अन्तर सामाजिक संगठन, ढाँचा, बनौट तथा प्रकार्यमा देखिन्छ।" सामाजिक परिवर्तन एक सार्वभौमिक घटना हो। सामाजिक परिवर्तनको गति असमान र तुलनात्मक हुन्छ। सामाजिक परिवर्तन नियमित र जटील तथ्य हो। सामाजिक परिवर्तनको विषयमा भविष्यवाणी गर्न सकिदैन। सामाजिक परिवर्तन योजनाबद्ध र स्वतफूर्त दुबै हुन्छ। सामाजिक परिवर्तनद्वारा मानिसहरूको मनोवृत्ति र चालचलनमा सुधार ल्याउँछ। जाति प्रथा, धार्मिक रीतिरिवाज उत्तराधिकारीको नियम, संयुक्त परिवार प्रणालीलाई समय अनुसार परिवर्तन गर्न सकेमा आर्थिक विकासलाई मद्दत पुऱ्याउने गर्दछ। देशमा आर्थिक विकास तीव्र रूपमा गरेर, शिक्षा र संचारको विकास गरेर आम्दानी र रोजगारी बढाएर, उत्पादनमा नवीनतम प्रयोग गर्ने, औद्योगिकरणद्वारा समाजमा रहने मानिसहरूको मनोवृत्तिमा परिवर्तन ल्याएर विकासको लागि मार्गदर्शन गर्न सक्छ। पल वि हर्टन र चेस्टर एल हन्ट को परिभाषमा "सामाजिक परिवर्तन, सामाजिक संरचना र समाजको सम्बन्धमा हुने परिवर्तन हो जसलाई प्रयास स् संस्कृतिक परिवर्तन संग अन्तर परिवर्तनिय रुपमा प्रयोग गरिन्छ "सामाजिक परिवर्तनको प्रभाव अनुकुल भएमा मात्र समाजले स्वीकार्ने छ। समाजले स्ववेच्छाले स्वीकारेको , राम्रोसंग बुझेको र सामाजिक मूल्य र मान्यतामा प्रतिकुल असर नपारेको अवस्थामा सामाजिक परिर्वनलाई समाजले आत्मसात गर्नेछ।

विकास भन्नु छोटकरीमा वातावरणमा परिवर्तन गर्नु हो। परम्परागत भौगोलिक बनोटलाई नयाँ बनोटमा प्रस्तुत गर्नु हो। त्यसैले कुनै ठाउँमा वातावरण, परिवेश र सम्भाव्यता हेरी विकास प्रकृयामा लक्ष्य निर्धारित हुने गर्दछ। ग्रामीण विकासको अर्थ कुनै पनि ग्रामीण क्षेत्रको सामाजिक आर्थिक बनावट मूल्य र मान्यताहरू अन्तरसम्बन्ध र प्रवृतिहरूको दुरगामी परिवर्तन हो। ग्रामीण विकासको अर्थ केवल कृषि विकास मात्र नभैकन उत्पादनको समान वितरणका आधारमा भएको सम्पूर्ण आर्थिक विकास र सन्तुलित सामाजिक तथा आर्थिक विकास हो। यस अन्तर्गत उत्पादकत्वमा

www.dotnepal.com

बृद्धि, रोजगारीमा बृद्धि र ग्रामीण निम्न वर्गको आयमा बृद्धिका साथै कम भन्दा कम स्वीकार्य स्तरको खाना, बसोवास, शिक्षा र स्वास्थ्यको व्यवस्था पनि पर्दछन् । अर्को कुरा ग्रामीण विकासको अर्थ ग्रामीण क्षेत्रमा रहेका मानिसहरूको आर्थिक तथा सामाजिक स्थितिलाई सुधार्नु हो । ग्रामीण विकास विकासका आधुनिकतम धारणामा आधारित छ । आर्थिक उन्नति तथा भौतिक उपलब्धीलाई मात्र धेरै मानिसले विकास भन्ठानेका छन् । तर विकास भन्नासाथै मानिसमा इच्छित दिशातिर लम्किने बाटामा रहेका बाधाहरूलाई हटाएर सोचाई कार्य र उत्पादनमा भएको बृद्धिमा परिवर्तनलाई जनाउँछ । विकास गर्ने सिलसिलामा सबैभन्दा पहिले मानिसको मनोवृत्तिलाई वाञ्छित दिशातिर डोऱ्याउने कुरा पर्न आउँछ । अनि पछि मात्र विकास कार्य शुरु हुन्छ । समुदायको क्रियाशील माग र उत्साहद्वारा सबै समुदायको निमित्त असल जीवन बृद्धि गर्ने आन्दोलनलाई ग्राम विकास भनिन्छ ।

नेपालका ग्रामीण क्षेत्रमा जुन प्राचीन सामाजिक मान्यता, विश्वास र संस्थाहरू आर्थिक विकासको अवरोधको रूपमा खडा भइरहेका छन् ती पुराना मान्यताहरू हटाई आर्थिक विकासलाई सुहाउने नयाँ मान्यताहरूलाई अंगाल्नुपर्ने आवश्यकता छ । यसैमा आर्थिक विकास निर्भर छ । मुख्य समस्या अर्थव्यवस्थाले कतिको आर्थिक परिवर्तन गर्न सक्दछ भन्ने होइन, बरु अविकसित तथा पिछडिएको जनताले कतिको र कति छिटो सामाजिक परिवर्तन अंगीकार गर्न सक्दछ भन्ने कुरा गर्नु नै अति महत्वपूर्ण हुन आउँछ ।

आर्थिक विकासलाई इच्छा, योग्यता, गुण, क्षमता, ज्ञान, भावना, मान्यता, संस्कार, उद्देश्य, आकर्षण, संस्था, संगठन र राजनैतिक प्रबन्ध आदि अनगिन्ती विभिन्न प्रकारका सामाजिक भावनाद्वारा निर्धारण गरेको हुन्छ । जुन समाजमा गुण, ज्ञान, अनुभव, कुशलता, अनुशासन, दुरदर्शिता, विवेक तथा सहनशीलता जस्ता आवश्यक गुणहरू विद्यमान हुन्छन् । त्यो समाज आफ्नो आवश्यकता पूर्ति गर्न चाहिने साधन र स्रोत उपलब्ध गराउन सक्ने उपाय तथा अनुभवको खोज गर्न समाजमा नयाँ परिवर्तन ल्याउन सफल हुन्छ । विकास आर्थिक स्रोतको प्राप्तिले मात्र हुन सक्दैन, जनताले आफ्नो तनमन धन लगाएर देश र देशवासीको विकास नै हाम्रो विकास हो भन्ने धारणा लिई सक्रियताका साथ सामाजिक परिवर्तन गर्ने कटिबद्ध हुनेतर्फ आफ्नो तत्परता देखाएको हुनुपर्दछ ।

परिवर्तन शब्दले एकरूपबाट अर्को रूपमा आउनु हेरफेर हुनु नयाँ रूप दिनु सुधार्न कुनै काल वा युगको अन्त भई नयाँ युग आउनु भन्ने कुरा जनाउँछ । त्यसरी नै सामाजिक परिवर्तन भन्नाले कुनै पनि एक निश्चित समयावधि भित्रमा समाज वा सामाजिक व्यवस्थामा देखा पर्ने भिन्नतालाई जनाउँछ । सामाजिक परिवर्तनले सामाजिक सम्बन्धहरू, सामाजिक संरचना, सामाजिक संस्थाहरू र तिनीहरूको सम्बन्ध, क्रिया, अन्तरक्रियाहरूमा आउने परिवर्तनहरूलाई जनाउँछ । समाजको कुनै एक व्यवस्थामा आएको परिवर्तनले सम्पूर्ण समाजलाई नै प्रभावित गर्दछ । ग्रामीण समाजमा परिवर्तनको कारक अथवा तत्वहरूमा प्राकृतिक कारक, प्राविधिक कारक, सामाजिक कारक, आर्थिक कारक, सांस्कृतिक कारक र राजनैतिक कारक आउँछन् । ग्रामीण क्षेत्रमा औद्योगिकरणको विकास भएमा पनि सामाजिक परिवर्तन हुन्छ । औद्योगिकरणलाई साधारणतया प्राविधिक विकाससँग गाँसिन्छ । कुनै पनि समाजमा विकास गर्न र परिवर्तन ल्याउनको लागि प्राविधिक विकास हुनु अति जरुरी छ । उद्योगमा प्राविधिक विकास भन्नाले घरेलु उत्पादन अर्थात् हातले गरिने कार्यहरू मेशिनहरूद्वारा गरिन्छ र बृहत मात्रामा उत्पादन हुन्छ । औद्योगिकरणले कृषिमा आधारित जनसंख्याको भारलाई घटाउँछ । यसले गर्दा स्थानीय स्रोत र साधनहरूको परिचालन हुन्छ र मानिसहरूलाई रोजगारी प्राप्त भएर आम्दानीमा बृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

शहरीकरण अथवा शहरी क्षेत्रको विकास गरेर पनि ग्रामीण समाजमा परिवर्तन ल्याउन सकिन्छ । नेपालमा करिब १५ प्रतिशत मानिसहरू शहरमा बस्दछन् र ५८ वटा नगरपालिका छन् । शहरीकरण औद्योगिकरणसँग सम्बन्धित छ । किनभने औद्योगिकरणले शहरीकरणको लागि बाटो खुल्ला गर्दछ । शहरीकरणको विकास र दृष्टिले समाजमा विद्यमान विचारधारहरू, सामाजिक मूल्य र मान्यताहरू परम्परा, रीतिरिवाजमा परिवर्तन ल्याउँछ । यसले समाजको आर्थिक र सामाजिक ढाँचामा प्रभाव पार्दछ । शहरीकरण एक यस्तो प्रकृया हो । जसले समाजमा भएका समुदायहरूको शक्ति र आकारमा बृद्धि गरी जनसंख्या र क्षेत्रको एक ठूलो भाग ओगटी समाजमा कार्य र सांस्कृतिक अधिपत्य कायम गर्दछ । बसाइँ सराई एक स्वाभाविक प्रकृया हो । बसाइँ सराईले जनसंख्या बृद्धि र वितरणमा ठुलो प्रभाव पार्दछ । यसमा एक देशबाट अर्को देशमा र देशभित्र एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने प्रकृया पाइन्छ । यस किसिमको बसाइँ सराई अस्थायी वा स्थायी हुन्छ । नेपालका पहाडी र हिमाली क्षेत्रका जनताहरू खास गरेर तराई क्षेत्र र शहरी इलाकाहरूमा बढी बसाइँ सराई गरेका छन् । यसबाट ग्रामीण क्षेत्रमा बढी नकारात्मक प्रभाव पारेका छन् । आर्थिक विपन्नता,

www.dotnepal.com

खाद्यान्नको कमी, रोजगारीको कमि आदिले गर्दा बसाइँमा परिवर्तन गर्दछ । विभिन्न अध्ययन अनुसार एक स्थानबाट विकर्षण र अरु स्थानमा आकर्षण हुनमा आर्थिक कारण प्रमुख छन् । सामाजिक वातावरण परिवर्तन गर्ने उद्देश्यले पनि बसाइँ सराई भएको पाइन्छ ।

ग्रामीण क्षेत्रमा परिवर्तन ल्याउन अथवा सामाजिक परिवर्तन ल्याउन आधुनिकीकरण हुनु पनि आवश्यक छ। आधुनिकीकरणले साधारण तथा नयाँ आधुनिक प्रविधिको प्रयोग गर्नु, मानिसको विचारधारा र कार्य गराईमा परिवर्तन आउनु, पुराना उपकरणहरूको ठाउँमा नयाँ उपकरणहरूको प्रयोग गर्नु आदिलाई जनाउँछ। यसले समाजको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक स्थितिमा असर गर्दछ। आधुनिकीकरणको प्रकृयालाई आर्थिक विकाससँग गाँसिने गरिन्छ। आधुनिकीकरणको अर्को पक्ष समाजमा शैक्षिक सुविधाहरू उपलब्ध हुनु र समाजका धेरैजसो मानिसहरू साक्षर हुनु, विभिन्न पेशा र व्यवसायमा तालीमको व्यवस्था हुनु, विभिन्न स्वास्थ्य सुविधाहरू उपलब्ध हुनु आदि। अर्को कुरा आधुनिकीकरणले खुला समाजको निर्माण गर्नुमा सहयोग पुऱ्याउँछ। व्यक्तिको क्षमता, तालीम र योग्यता तथा दक्षताको भरमा नै आफुलाई सुहाउँदो पद पाउन सक्दछ। ग्रामीण क्षेत्रमा शिक्षालाई बढी व्यवस्थित गर्न प्रचार गर्नु अति आवश्यक भएको छ। हाम्रो जस्तो पहाडी इलाका तथा हिमाली क्षेत्रले ढाकेको देशमा यातायातको निकै असुविधा छ। तसर्थ यस कार्यका लागि संचारको उपयुक्त माध्यम अपनाउनुपर्छ।

आर्थिक बृद्धिका श्रोतहरु

अर्थतन्त्रको सम्भाव्य उत्पादनस्तर (Potential Output) लाई (क) भूमिको स्वरुप सुधार गरेर वा प्राकृतिक सम्पदाको उपयोग पक्षको बिस्तार गरेर, (ख) श्रमशक्तिको संख्यात्मक वा गुणात्मक विकासका माध्यमबाट, (ग) पूँजी संग्रहका माध्यमबाट, र घ) प्राविधिक विकासका माध्यमबाट विस्तार गर्न सकिन्छ ।

क) भूमिको स्वरुप सुधार गरेर वा प्राकृतिक सम्पदाको उपयोग पक्षको विस्तार गरेर
कृषि, कृषिजन्य उद्योग, खानी आदिका माध्यमबाट आर्थिक वृद्धि हाँसिल गर्न सकिन्छ भन्ने कुरालाई इंगित गर्दछ । प्राकृतिक सम्पदाको उपयोग पक्षको विस्तार अन्तर्गत पर्यटन व्यवसायको प्रवर्द्धनजस्ता विषयसमेत समेटिएका हुन्छन् ।

ख) जनसंख्या वा श्रमशक्तिमा भएको परिवर्तनः जनसंख्याको विस्तारले श्रमशक्ति मार्फत उत्पादनको सम्भावनालाई प्रकटित गर्दछ भने विद्यमान श्रमशक्तिलाई प्रदान गरिएको तालिम, शिक्षा आदिले श्रम शक्तिको उत्पादकत्वमा हुने वृद्धिलाई इंगित गर्दछ । यसर्थ भूमि जस्तै श्रम पनि आर्थिक वृद्धिको श्रोत हो । यसै सन्दर्भमा आजकल Human capital Accumulation को आवश्यकतालाई अर्थशास्त्रीहरुले महत्वकासाथ उल्लेख गरेको पाइन्छ ।

ग) आर्थिक वृद्धिको अर्को श्रोत पूँजी हो : उच्च दरमा पूँजी निर्माण गर्न समर्थ अर्थतन्त्रले आर्थिक वृद्धिको गतिलाई चाँडै पक्डिन सक्दछ भने पूँजी निर्माण न्यून भएको अर्थतन्त्रले आर्थिक वृद्धि दर पनि न्यून मात्रै हाँसिल गर्दछ । उच्च दरमा भएको बचत तथा लगानीले पूँजी निर्माण गर्दछ र यस्तो अर्थतन्त्रमा Capital Deepening भएको हुन्छ । (Capital deepening occurs when the capital stock grows faster than population) । अर्थतन्त्रका लागि Capital deepeing ले आर्थिक गतिविधि विस्तारको महत्वपूर्ण माध्यमका रुपमा काम गर्दछ । Capital widening भन्दा पनि Capital deepening अझ राम्रो मानिन्छ (Capital widening occurs if the capital stock grows, but only at or below the percentage growth rate of the labor force) ।

घ) आर्थिक बृद्धिको अर्को श्रोत प्राविधिक विकास होः प्राविधिक विकासभन्नालेउपलब्श्रोतसाधनबाट बढी भन्दा बढी उत्पादन गर्न सक्नु वा साधनको प्रयोग गर्दै विद्यमान उत्पादनको स्तर हाँसिल गर्न सक्नु हो । प्राविधिक विकासले उत्पादनका साधनको कूल उत्पादकत्वलाई विस्तार गर्दछ र यसका लागि स्थानीय प्रविधिको ठूलो भूमिका हुन्छ । प्राविधिक परिवर्तन वा विस्तारलाई निम्न उप समूहमा विभाजन गर्न सकिन्छ : (क) Greater efficiency in market process (ख) Improved knowledge about how to combine resources (ग) Totally new production processes (घ) Improvement in the quality of human and non-human resources, र

ङ) नयाँ आविष्कार र अन्वेशणः नेपाल जस्तो विकासोन्मुख मुलुकहरुका जनताहरुमा उद्यमशीलता, साहस, तत्परता एवं प्राविधिक ज्ञानको अभाव हुन्छ । भ्रष्टाचारको कारणले गर्दा चोखो श्रम दान गर्न चाहँदैनन् । साहसी होइन कि बरु छलकपट तथा जालझेलले गर्दा मानिसहरु अल्छी बन्दछन् । यसो हुनुका अन्य कारणहरु यसप्रकार छन् । (क) यातायातको अभाव (ख) उपभोक्ताहरुको अभाव (ग) सीमित बजार (घ) स्वतन्त्र सम्झौताको अभाव (ङ) विदेशी लगानीकर्तालाई प्राथमिकता (च) शान्ति, स्थिरता एवं असल प्रशासनको अभाव । विकासशील राष्ट्रहरुले प्राविधिक ज्ञान र वैज्ञानिक उपकरणको अभावले गर्दा प्राचीन तरिका नै अपनाई बस्तु उत्पादन गर्दछन् । हुन त यी राष्ट्रमा

www.dotnepal.com

श्रमिक खर्च सस्तो छ, तर परम्परागत उत्पादन प्रविधि भएका कारण श्रम शक्तिको खर्च धेरै भएता पनि उत्पादनमा बृद्धि भएको छैन । जसले गर्दा उत्पादित वस्तु महङ्गो पर्दछ । विकासोन्मुख देशहरुमा उच्च उत्पादन लागत अर्को अदक्ष श्रमिकको बोलवाला, स्तरीयताको कमी आदिको कारणले गर्दा बजारलाई आधुनिकरण गर्न सकिएको छैन । प्राचीन शीपमा नै सीमित रहेका हुन्छन् । पूँजी र प्रविधिको अभावले गर्दा विकासोन्मुख मुलुकलाई “पूँजी गरीब” (Capital Poor) अथवा ‘निम्नस्तरको बचत तथा लगानी’ देश भनी संज्ञा दिइएका छन् । यस्ता देशहरुमा आर्थिक विकासको निमित्त चाहिने पूँजीभन्दा उपलब्ध पूँजीको बचत न्यून हुन्छ । पुँजी निर्माण दर कूल गार्हस्थ उत्पादनको ५ देखि १०% मात्र रहन्छ । अधिकांश विकासोन्मुख राष्ट्रहरुमा यसको खाँचो छ ।

ख. विकासको आधुनिक अवधारणा (Modern Concept of Development)

आर्थिक कल्याण (Economic Welfare) वृद्धि हुनुलाई आर्थिक विकास मान्ने अर्थशास्त्री Okun and Richardson हुन् । उनीहरूको भनाइ अनुसार, आर्थिक विकास भनेको बढी मात्रामा वस्तु तथा सेवा उपलब्ध हुनु हो जसबाट मानिस भौतिक कल्याणमा निरन्तर वृद्धि हुन्छ । यस परिभाषामा समाजमा वस्तु तथा सेवाको पर्याप्तताद्वारा सामाजिक कल्याणमा वृद्धि भै आर्थिक विकास हुन्छ भन्ने कुरामा जोड दिइएको छ । आर्थिक कल्याणको मापदण्डले उपभोगलाई जोड दिएको छ । उपभोगमा वृद्धि नभईकन जनताको जीवनस्तरमा सुधार हुन सक्दैन । आर्थिक कल्याणको आधारमा आर्थिक विकास मापन गर्दा आर्थिक विकासले प्रतिव्यक्ति आय वृद्धि हुनुका साथसाथै आयको असमान वितरण घट्न गई समस्त जनसाधारणहरूको सन्तुष्टि अधिकतम बढ्दै गइरहेको अवस्थालाई दर्शाइएको हुन्छ । आर्थिक विकासको प्रक्रियामा व्यक्तिहरूद्वारा उपभोग गरिने वस्तु तथा सेवाहरूको स्तर वृद्धि हुँदै गइरहेको हुन्छ । आर्थिक कल्याणमा वृद्धिका परिसूचकमा विश्वास गर्ने अर्थशास्त्रीहरूको भनाइ अनुसार आम्दानी तथा उत्पादन मात्र आर्थिक विकासको सूचक हुन सक्दैन । उत्पादन आर्थिक विकासको लागि आवश्यक भए तापनि वितरणलाई पनि ध्यान दिनुपर्दछ । उत्पादन र आम्दानीको ठूलो हिस्सा सीमित व्यक्तिमा केन्द्रित हुने गरी उत्पादन र आम्दानी बढ्ने अवस्थालाई सच्चा अर्थमा आर्थिक विकास भन्न नसकिने धारणा कल्याणवादी अर्थशास्त्रीहरूको धारणा रहेको पाइन्छ । कल्याणवादी अर्थशास्त्रीहरूका मतानुसार आर्थिक विकास भए नभएको मापन गर्नको लागि गरिबी घटेको वा बढेको, साधनको वितरण अधिकतम व्यक्तिको साथमा जान सके नसकेको, बेरोजगारीको आकार घटेको या नघटेको तथा मानिसको जीवनस्तरमा सुधार आएको वा नआएको भन्ने कुराको मापन गर्न सकिन्छ ।

आधुनिक धारणाको पक्षधर अर्थशास्त्रीहरूले राष्ट्रको उत्पादन, राष्ट्रिय आय, प्रतिव्यक्ति आम्दानी, आदिको साथसाथै आधारभूत आवश्यकता, जीवनको भौतिक गुण सूचक, मानव विकास सूचक आदि जस्ता गैर-आम्दानी परिसूचक (non-economic factors) लाई समेत आर्थिक विकासको मापदण्डको रूपमा लिएको पाइन्छ । आर्थिक विकासको मापदण्डलाई वर्तमान समयमा सूक्ष्म अर्थशास्त्र र बृहत अर्थशास्त्र (Micro and macro economics) गरी दुई पक्षबाट हेर्न सकिन्छ । अर्थव्यवस्थामा शिक्षा र प्रशिक्षणको सुविधामा वृद्धि हुनु, लगानीको मात्रामा वृद्धि हुनु, मानिसहरूको उत्पादन क्षमतामा वृद्धि हुने तथा समाजमा विद्यमान मूल्य, मान्यता, रहन सहनको स्तरमा क्रमिक सुधार आउनुलाई पनि आर्थिक विकासको मापदण्ड (indicator of economic development) मानिएको छ । केही अर्थशास्त्रीहरूले शिक्षा, स्वास्थ्य, खाद्यान्न, पोषण, सीप, साक्षरता, रोजगारीको अवस्था, आधारभूत आवश्यकताको उपभोग, यातायातको सुविधा, वासस्थान, मनोरञ्जन, सामाजिक सुरक्षा जस्ता विषयहरूलाई आर्थिक विकासको सूचकको रूपमा लिएका छन् ।

विकासका तीन वटा मूलभूत मूल्यहरु **(Core values)**

(क) जीवन निर्वाहः -आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्षमता): यसले व्यक्तिको आधारभूत आवश्यकतापूर्ति गर्ने क्षमतालाई जनाउँदछ । यस अन्तरगत गाँस, बाँस, कपास, सुरक्षा र सामाजिक सम्बन्ध जस्ता आधारभूत कुराहरु पर्दछन् ।

(ख) आत्म सम्मान : विकासको अर्को आधारभूत मूल्य आत्मसम्मान (Self esteem) हो । यसले व्यक्तिलाई व्यक्तिको पहिचान, गरिमा, सम्मान र अरुद्वारा प्राप्त हुने “तिमी के हौ” भन्ने (Recognition) समेत जनाउँदछ ।

(ग) दासत्वबाट मुक्ति (Freedom from servitude): विकासको अर्को मान्यता व्यक्तिले स्वतन्त्रताको उपयोग गर्न पाउनु हो । यस अर्न्तगत व्यक्ति र राष्ट्र दुबैको आर्थिक सुरक्षा देखि राजनीतिक स्वतन्त्रता समेत समावेश हुन्छन् ।

के आर्थिक बृद्धि हुँदैमा गरिबी निवारण हुन्छ ?

www.dotnepal.com

यसको सोझो र सामान्य जवाफ "हो" भन्ने हुन सक्दछ । किनभने आर्थिक बृद्धिले उत्पादनका साधनहरुको उपयोगको मार्ग प्रशस्त गर्दछ र यसको माध्यमबाट रोजगारीका अवसरहरु सृजना भई गरिबी निवारणमा समेत सकारात्मक सहयोग पुग्न सक्दछ । तर उच्च आर्थिक बृद्धिले गरिबी निवारण नै हुन्छ भन्ने ठोकुवा गर्न गाह्रो हुन्छ । यस प्रसंगमा के बुझ्न जरुरी छ भने गरिबी भन्नाले मानवका लागि अत्यावश्यक सेवा तथा वस्तुको छनौट गर्ने अवसरबाट व्यक्ति बञ्चित भएको अवस्था हो । गरिबीको दुश्चक्रमा पिल्सिएको जमातले दीर्घ, स्वस्थ र सृजनशील जीवन निर्वाह गर्न पाउँदैन, न्यून जीवनस्तर जीउन बाध्य भएको हुन्छ, स्वतन्त्रता, आत्मसम्मान र गरिमा प्राप्त गर्न सक्दैन । विश्व बैंकको "विश्व विकास प्रतिवेदन-२००१" ले गरिबीका चार वटा आयामहरु (Dimensions) लाई उल्लेख गरेको छ : (क) भौतिक सुख-सुविधाबाट वञ्चिति (Material deprivation) (ख) शिक्षा र स्वास्थ्यको न्यून स्तर (Low level of education and health) (ग) दयनीयता र अत्यधिक जोखिम (Vulnerability and exposure to risk) (घ) आवाजहीनता र शक्तिहीनता (Voiceless ness and powerless) ।

आर्थिक विकासले बृहत् लक्ष्यहरुलाई समेटेको हुन्छ जस्तै बेरोजगारी, अशिक्षा, असमानता, कुपोषण, गरिबी आदिको निवारण नेपालको परिप्रेक्ष्यमा शहरी तथा ग्रामीण भेगमा बस्ने दुबै थरी मानिसहरुको रहनसहन तथा सोचमा परिवर्तन नआएसम्म आर्थिक विकास सम्भव छैन ।

<u>कुनै पनि मुलुकको आर्थिक विकासको लागि आवश्यक तीन बुँदाहरुलाई तल स्पष्ट पारिएको छ :</u>

१. सम्पूर्ण देशवासीको आधारभूत न्यूनतम माग देशमा भएका साधनहरुबाट नै पूरा हुनुपर्दछ अथवा जनताको उपयोगी प्रवृत्ति उच्च रहनु आवश्यक छ ।
२. विकासोन्मुख देशमा देखा पर्ने विभिन्न प्रकारका आर्थिक विसङ्गतिहरु जस्तैः भोक, गरिबी, भ्रष्टाचार, बेरोजगारी तथा सम्पत्तिको असमानता आदि हटाइनुपर्दछ । १९६० को दशकमा केही अल्पविकसित मुलुकमा माथिका समस्या हुँदाहुँदै पनि राष्ट्रिय आम्दानीमा वृद्धि भएको थियो । यसैले विकास भनेको राष्ट्रिय आम्दानीमा मात्र बृद्धि होइन ।
३. देशको सम्पूर्ण विद्यमान सामाजिक अवस्थामा सुधार हुनुपर्छ । आधुनिकीकरणको अर्थ उत्पादनमा बृद्धि होइन, नयाँ उत्पादनतिर उन्मुख हुनु हो ।

आधुनिक विकासवादी अर्थशास्त्रीहरूले देशको सामाजिक, आर्थिक पूर्वाधारहरूको स्थापना, गरीबी निवारण, वातावरणीय पक्षको जगेर्ना, सामाजिक सेवाहरूमा विस्तार जस्ता कुराहरूलाई अल्प विकसित मुलुकहरूका लागि आर्थिक विकासको आधार मानेका छन् । अतः आर्थिक विकास भनेको निरन्तर चलिरहने त्यो प्रक्रिया हो जसद्वारा विश्वका गरीब मुलुकहरूले गरीबीको कुचक्रलाई तोड्न सक्ने र तिनीहरूको आफ्नो आम्दानीमा अभिवृद्धि हुन सक्ने, उत्पादनमा अभिवृद्धि हुन सक्ने, नयाँ नयाँ रोजगारीका अवसरहरू प्राप्त हुन सक्ने र उच्चतम जीवन व्यतित गर्न सक्ने अवस्था सृजना हुन्छ । सन् १९९० मा UNDP द्वारा आर्थिक विकासलाई मानवीय विकास सूचकलाई आधार बनाएर विशेष जोड दिइयो । : (क) प्रतिव्यक्ति आम्दानी, (ख) मानवीय आयु, र (ग) प्रौढ शिक्षा जस्ता कुराहरूलाई विशेष जोड दिइयो ।

साधारणतया विकास भन्नाले एउटा यस्तो अवस्थामा पुग्नु वा परिणत हुनु हो जुन पहिलेको भन्दा उन्नत र समृद्ध हुन्छ । अझै गहिरिएर सोच्ने हो भने विकास भनेको त्यो हो जसले प्राकृतिक सन्तुलनमा ह्रास आउन नदिइ मानव जीवनस्तरमा सुधार ल्याउँदै मानिसको आहार व्यवहार, बसाइ तथा दृष्टिकोणमा परिवर्तन ल्याउँछ । त्यसैले विकास भनेको भौतिक विकास मात्र होइन, यो मानव समाजको बहुपक्षिय विकास हो जस्तै- आर्थिक विकास, सामाजिक विकास, राजनैतिक विकास, प्राविधिक विकास, व्यवस्थापकीय विकास, सांस्कृतिक विकास आदि । यसरी हेर्दा विकास मानवीय प्रगतिको एउटा दिशाबोध हो जुन व्यक्ति, समाज, गाउँ वा मुलुकको अवस्थामा भर पर्दछ । वर्तमान नेपालको अवस्थामा उपलब्ध स्रोत र साधनको परिचालन (सदुपयोग) गरी रोजगारी, आय, उपभोगको बृद्धि गरी शिक्षा, स्वास्थ्यको अवस्थामा सुधार ल्याई गरीबी निवारण गर्न सक्नु नै विकास हो । गरिबी निवारण हाल ग्रामीण नेपालको विकास अभियानमा प्राथमिकताको विषय हो । अब ग्रामीण क्षेत्रमा छरिएर रहेका गरीब जनसमुदायको अवस्थाबारे जानकारी राख्ने र तिनको अवस्थामा सुधार ल्याउने आवश्यक ज्ञान, सीप प्राप्त गर्ने उत्पादनशील रोजगारी प्राप्त गर्ने, आय आर्जन गर्ने, र उपलब्ध साधनको समुचित उपयोग गरी आफ्नो अवस्थामा सुधार ल्याउने अवसर प्रदान गर्ने र यस्ता बानी बसाल्ने खालका कार्यक्रम संचालन गर्नु नै विकास कार्यक्रमहरू हुन् ।

www.dotnepal.com

## वृद्धि र विकास (Growth and Development)

### क) वृद्धि (Growth)

वृद्धिले उत्पादनमा हुने मात्रालाई बुझाउँछ । वृद्धिले वार्षिक वृद्धिदरलाई बुझाउँछ । प्रत्येक वर्ष राष्ट्रको कुल गार्हस्थ उत्पादनको अवधारणालाई वृद्धि भनिन्छ । यो राष्ट्रिय उत्पादनलाई बुझाउने शब्दावली हो । विकासको वृद्धि अवधारणा अनुसार जति बढी राष्ट्रिय आम्दानी तथा उत्पादन भयो त्यति नै राष्ट्रले विकासको फड्को मार्दछ । वास्तवमा वृद्धि विकासको मात्रात्मक पक्ष (Quantitative aspect of development) हो । विकास विज्ञहरुका अनुसार राष्ट्रिय अर्थतन्त्रको क्षमतामा ५-७ प्रतिशत कूल गार्हस्थ्य उत्पादन वृद्धि लामो समयसम्म रहे कुनै पनि मुलुक विकासको मूल दिशामा पुग्दछ ।

### ख)विकास (Development)

विकासले कुनै पनि व्यक्ति, परिवार, समुदाय र राष्ट्रको उन्नतिलाई बुझाउँछ । कुनै पनि मुलुकको आर्थिक, सामाजिक, आर्थिक संरचनामा परिवर्तन गरी जनताको जीवनस्तरमा सुधार गर्दछ । जनताका आधारभूत आवश्यकता पूरा गर्दै सामाजिक समृद्धि कायम गर्नु नै विकास हो । विकासले समाजको मात्रात्मक तथा गुणात्मक प्रगतिलाई बुझाउँछ । विकास बहुआयामिक प्रकृया हो । समाजका सर्वाङ्गीण पक्षहरुको सकारात्मक परिवर्तनलाई विकास भनिन्छ ।

### ग)समता र वृद्धि (Equity & Growth)

समता (Equity) भनेको न्याय र निष्पक्षता हो । विकासका लागि पछाडि परेका वर्ग, क्षेत्र, समुदाय, जातजातिप्रति गरिने न्याय, निष्पक्षता, उचित व्यवहार हो । यसले विकासमा समन्यायलाई बुझाउँछ । यो विकासमा समानता कायम गर्ने माध्यम हो । प्रकृया हो । विकासको मूल प्रवाहमा सबैको समान स्थिति हुँदैन । कोही टाढा हुन्छन्, कोही निम्न अवस्थामा रहेका हुन्छन्, कोही कमजोर हुन्छन् यस्ता वर्ग, क्षेत्र, समुदायलाई विशेष प्राथमिकता दिई तालिम दिई सशक्तिकरण गरी विकासको प्रकृयामा समानता कायम गर्न सकिन्छ । वृद्धिले मात्र विकास हुन सक्दैन यो एउटा सत्यता हो । वृद्धिमा सबै जनताको समान स्थिति र हैसियत हुदैन ।त्यसैले वृद्धिको न्यायोचित वितरण हुन पायो, विकासको प्रतिफलमा पिछडिएका वर्ग, क्षेत्र, जाति, समुदाय लिङ्गको समान र उचित पहुँच हुनु पर्दछ । यसरी मुलुकको वृद्धिदर उच्च हुनुपर्दछ, उच्च वृद्धिदर मात्र भएर हुदैन उच्च वृद्धिदरमा, विकासको प्रतिफलमा उच्च र निम्न वर्गबीच समता (Equity) हुनुपर्दछ । अनिमात्र समताले विकासमा समानता कायम गर्दछ । सबै जनताको विकास झण्डै एउटै अनुपातमा हुन्छ । यस्तो विकास नै धरातलीय हुन्छ, समानुपातिक हुन्छ, प्रतिनिधित्वमूलक र सन्तुलित हुन्छ । जसलाई नै वास्तविक विकास भनिन्छ ।

**समतामुलक वृद्धि मोडेलका आधारभूत मान्यताहरु**
**(Basic assumptions of growth with equity paradigm)**

विकासको लागि आम्दानीको समान वितरण हुनुपर्दछ । समाजबाट हरेक प्रकारका असमानताहरु हटाउन आम्दानीको समान ढंगले वितरण गर्नुपर्दछ भन्ने यस मोडेलका मान्यताहरु यसप्रकार छन् ।

*यसले आम जनतामा वस्तु र सेवाको समान वितरण माथि जोड दिन्छ । (It emphasis on the equitable distribution of goods and services among the mass of people)*

यसले विकासको लागि वस्तु, सेवा, पूँजी र श्रम जस्ता कुरामा वृद्धि गर्नुपर्दछ भन्ने मान्यतालाई त छोडेको छैन । यसले के भन्दछ भने उत्पादन र विकासबाट जे जति फाइदा तथा आम्दानी हुन्छ त्यो आम्दानीलाई सबै भन्दा कमजोर वर्गको उत्थानको लागि लगानी गर्नुपर्दछ । आम्दानी र नाफालाई अत्यन्तै कम संख्यामा रहेका वर्गहरुको नियन्त्रणमा मात्र केन्द्रित भई असमान ढंगले वितरण भईरहेको परिप्रेक्षमा यस मोडेलका हिमायतीहरुले आम्दानीलाई आम जनताको माझमा या आम तल्लो वर्गको हितमा समान ढंगले वितरण गर्नुपर्दछ भन्ने कुराको वकालत गर्दछ । तसर्थ यसको महत्वपूर्ण विशेषता भनेको राष्ट्रिय आम्दानीलाई समतामूलक ढंगले वितरण गर्नुपर्दछ भन्ने कुरा माथि जोड दिनु हो ।

*यसले बढी ध्यान विभिन्न कोणबाट गरिवी हटाउने कुरामाथि केन्द्रित गर्दछ (It focuses more attention to alleviate poverty from different angles)*

www.dotnepal.com

कुनै शंका छैन कि वास्तवमा आम्दानीको समान वितरणको धारणाले गरिवी हटाउने कुरालाई नै जाहेर गर्दछ। यस मोडेलको खास ध्येय पनि समाजबाट गरिवी हटाउनु पर्दछ भन्ने रहेको छ। यसरी गरिवी हटाउन विभिन्न उपायहरु अपनाउन सकिन्छ। त्यस्ता उपायहरुमा समान वितरणको धारणा हो। यसको लागि यसले जनताको आधारभूत आवश्यकता पूरा गर्ने कुरा पनि गर्दछ। अधिकांश मानिसहरुको जीवन सम्वद्ध रहेको कृषि क्षेत्रको प्रथम विकास गर्नुपर्दछ । मानव जीवनको सबै पक्षहरुलाई समेट्ने एकीकृत ग्रामीण विकास पनि भन्दछ। रोजगारीको प्रवर्द्धन तथा अवसरको वृद्धि गर्ने र मानव संशाधनको विकास गर्नुपर्दछ । राष्ट्र तथा समाजले गर्ने लगानीको क्षेत्र परिवर्तन गरेर पनि गरिवी हटाउन सकिन्छ पनि भन्दछ। यसको लागि भैरहेको विश्व अर्थ व्यवस्थाको स्वरुपमा परिवर्तन गरेर तल्लो वर्गको हितमा केन्द्रित हुने गरी नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्था गरेर पनि गरिवी हटाउन सकिन्छ भन्दछ।

वातावरणीय असन्तुलनबाट भयभित भएर संयुक्त राष्ट्रसंघले नर्वेका तत्कालीन प्रधानमन्त्री श्रीमती ग्रो हर्लेम ब्रुटल्याण्ड (Mrs Gro Horlam Brunltland) का अध्यक्षतामा सन् १९८४ मा विश्व वातावरण विकास आयोग (The World communist on environment and development) गठन गरी यथार्थ वस्तुस्थितिको विवरण पेश गर्न लगाएको थियो। त्यस आयोगले ३ वर्ष सम्म लगातार काम गर्दा ५ ओटा महादेशको स्थलगत भ्रमण गरी सार्वजनिक गर्दा ५ ओटा महादेशको स्थलगत भ्रमण गरी सार्वजनिक सुनुवाइ समेत गरी एक सय भन्दा बढी अध्ययन प्रतिवेदन र सयौं उप आयोगहरूको विचार र दृष्टिकोण संकलन गरी प्रतिवेदन बनाएको थियो। सन् १९८७ मा उक्त आयोगद्वारा प्रस्तुत हाम्रो साझा भविष्य (Our Common Future) नामक प्रतिवेदनले दिगो विकास (Sustainable Development) को अवधारणालाई अघि सारेको थियो। दिगो विकासको अवधारणाको सुरुआत वातावरणीय दृष्टिले सकारात्मक हुने गरी विकास कार्य हुने गर्दछ भन्ने मान्यताका आधारमा शुरु गरिएको हो। जुन सन् १९७३ मा नैरोवीमा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको गठन भयो। त्यसैबेला वातावरण र विकास सम्बन्धी पहिलो पटक हाम्रो साझा भविष्यको प्रतिवेदन दिई आर्थिक विकासलाई वर्तमान र भविष्यको विकासको स्वास्थ्य प्रक्रियाका रूपमा उल्लेख गरी विकास र पर्यावरणबीच सामञ्जस्यता कायम गर्नुपर्ने कुरामा जोड दिइयो। (अधिकार, २०५६), बलराम आचार्य, विकास अर्थशास्त्र (Development sociology), आचार्य प्रकाशन, प्रथम संस्करण, २०५७, पेज नं. २५)

सन् १९९२ मा संयुक्त राष्ट्रसंघीय वातावरणीय विकास गोष्ठि भएको थियो। जसमा विगत ५० वर्षमा सबभन्दा बढी वातावरण विनास भएको निष्कर्ष निकालियो। त्यसपछि नै दिगो विकासतर्फ विश्वको ध्यान केन्द्रित भएको हो। विकासको लागि वातावरणीय प्रभावको लेखाजोखा (EIA) सम्बन्धी मान्यताको सुरुआत अमेरिकामा सन् १९७० देखि नै भएको हो।

<u>संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रम</u> (UNEP)

सन् १९८७ मा The world Commission on Environment and Development ले सर्वप्रथम दिगो विकासको अवधारणा जनसमक्ष ल्याएको हो। यसले दुई महत्वपूर्ण विषयमा प्रकाश पारेको छ-

१) आधारभूत आवश्यकताको आपूर्ति। यसअन्तर्गत विश्वमा विद्यमान गरीबीको रेखामुनि कष्टमय जीवनयापन गरिरहेका विपन्न वर्गको न्यूनतम आवश्यकता पूर्ति गर्नु।

२) विद्यमान स्रोतको उचित प्रयोग गर्नु अर्थात् दिगो स्रोत व्यवस्थापन। वन जंगल, ग्याँस, पेट्रोल एवं अन्य प्राकृतिक श्रोतको उत्खनन्, उपयोग र उपभोगमा सन्तुलन कायम गरी वातावरणमा खलल नगर्नुका साथै भावी सन्ततिका लागि समेत ती स्रोतको संरक्षण गर्नु। दिगो श्रोत व्यवस्थापन भनेको श्रोतको संरक्षण मात्रै नभै बुद्धिमत्तापूर्ण उपयोग पनि हो।

वातावरणसँग सम्बन्धित मुद्दाको बारेमा विश्व स्तरमा सन १९७२ देखि चर्चा हुन थालेको हो। यही वर्ष यससम्बन्धी विश्व स्तरमा पहिलो सम्मेलन स्टकहोममा भयो। विश्व स्तरमा पहिलो सम्मेलन स्टकहोममा भयो। सन् १९८० मा आएर विश्व संरक्षण रणनीति पारित भयो। नेपालमा सन् १९९० मा गरिएको विकास र वातावरण सम्बन्धी अध्ययनले नेपालको मौजुदा आर्थिक र पर्यावरण स्थितिको परीक्षण गर्ने र तिनको भावी प्रबृत्ति पहिचान गर्दै अर्थतन्त्र र पर्यावरण विकासको दीर्घकालीन प्रमुख अवसरहरूको पहिचान गर्ने उद्देश्यतर्फ बढी केन्द्रित थियो। यस अध्ययनले प्राकृतिक स्रोत र साधनको प्रयोगमा अनियमित र पर्यावरणीय विनास गराउने तर्फ तिनको प्रयोग भएको तथ्य उल्लेख गरेको थियो।

www.dotnepal.com

दिगो विकास विश्व सम्मेलन २००२ मा उल्लेख गरिएअनुसार यस सम्मेलनमा धेरै महत्वपूर्ण बुँदाहरू पारित गरिएको थियो जुन निम्नानुसार छन् -

१. परिवर्तन र दिगो विकासको साझा लक्ष्य प्राप्तिका लागि हाम्रो सामूहिक शक्तिको रूपमा रहेको जैवीक विविधताको प्रयोग रचनात्मक साझेदारीबाट गर्न हामी प्रतिबद्ध छौ ।
२. मानव एकताको महत्वलाई पहिचान गर्दै जातीयता, शारीरिक अपाङ्गता, धर्म, भाषा, संस्कृति र परम्पराबाट कमै माथि पनि विभेद नगरी विश्वका सभ्यता र जनताहरूबीच संवाद र सहयोग प्रवर्द्धन गर्न प्रण गर्दछौ ।
३. मानवीय मर्यादाको अविभाज्यतामा केन्द्रित रहेको जोहानेसवर्ग सम्मेलनलाई स्वागत गर्दै सफा पानी, सरसफाई, पर्याप्त वासस्थान, ऊर्जा, स्वास्थ्य उपचार, खाद्य सुरक्षा जस्ता आधारभूत आवश्यक पूर्ति र जैविक विविधताको संरक्षणका लागि लक्ष्य, समयतालिका र साझेदारीहरू तय गरी समाधान गरिनेछ। यसका लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक र मानवीय स्रोतका लागि एक - अर्कालाई सहयोग गर्ने प्रण गर्दछौ ।
४. हाम्रा जनतामा दिगो विकासमा देखा परेका चुनौतीहरूविरुद्ध लड्न विशेष ध्यान दिनेछौ । यी चुनौतीहरूमध्ये अनिकाल, कुपोषण, वैदेशिक कब्जा, शस्त्रयुक्त द्वन्द्व, अवैध लागू पदार्थको समस्या, संस्थागत अपराध, भ्रष्टाचार, प्राकृतिक प्रकोप, हातहतियारको गैरकानुनी ओसार-पसार, मानिसको बेच-विखन, आतंकवाद, जाति, धर्म, संस्कृति आदिका आधारमा हुने विभेद र एच.आई.भी र एड्स, औलो ज्वरो र क्षयरोगजस्ता डरलाग्दा सरुवा रोगहरू प्रमुख हुन् ।

नेपालमा सन् १९८७ मा IUCN को सहयोगमा दिगो विकास सम्बन्धी सेमिनार सञ्चालन गरियो र सन् १९९२ को दशकदेखि अर्थात् आठौं पञ्चवर्षीय योजना (२०४९–२०५४) सालदेखि दिगो विकासको अवधारणालाई विकास नीतिमा समावेश गरियो । त्यसपछि हालको नवौं योजना (२०५४–२०५९) मा पनि दिगो विकासको अवधारणालाई प्राथमिकता दिइएको पाइन्छ ।

सामाजिक विकास कसरी गर्ने त ?

- सर्वप्रथम, जातीय भेदभावसम्बन्धी क्रियाकलापविरूद्धका स्वरहरू उठ्नुपर्दछ। जसले समाजमा समानता र गतिशीलतालाई बढाउँदछ भने मानसिक हीनतालाई हटाई सामाजिक एकता बढ्दछ ।
- अवैज्ञानिक र अव्यावहारिक शिक्षामा परिवर्तन गरी व्यावसायिक र व्यावहारिक शिक्षा लागू गरिएमा स्वनिर्भरता (Self dependecy) बढ्दछ ।
- परम्परागत प्रविधिबाट कम उत्पादन, न्यून गुणस्तर, बढी खर्च भइरहेको छ र त्यहाँ नयाँ प्रविधि प्रयोग गर्ने हो भने त्यसले उत्पादनमा मात्रात्मक (Quantitative) र गुणात्मक (Qualitative) वृद्धि ल्याउँदछ ।
- निरङ्कुश तथा तानाशाही शासन व्यवस्थाका सट्टा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न सकेमा समाजमा सबैको भावना, चाहनाले अवसर प्राप्त गर्दछ ।
- विवाह, वर्तबन्ध, संस्कार र मान्यतामा हुने गरेका नगर्दा पनि हुने प्रकृतिका फजुल खर्चको न्यूनीकरण गरिएमा समाजमा हुन सक्ने र भए गरेका विखण्डन, असमानता र विपन्नतालाई हटाउन सजिलो पर्दछ ।
- शहरीकरण तथा औद्योगिकरणको माध्यमद्वारा पनि सामाजिक विकास गर्न सकिन्छ ।
- सामाजिक परिचालनको माध्यमद्वारा जनताको क्षमता अभिबृद्धि गरी सामाजिक विकास गर्न सकिन्छ ।

आधारभूत आवश्यकता (Basic Needs):- आधारभूत आवश्यकताको महत्वलाई अर्थशास्त्री महबुब उल हक (Mahabub ul Haq) यसरी व्यक्त गर्दछन् –"कुल राष्ट्रिय उत्पादन वृद्धि अपरिहार्य छ र यसलाई आम गरिबीको समस्याको निराकरणका लागि विवेकपूर्ण निर्देशत गरिनुपर्दछ। सामाजिक सूचक वर्तमान कल्याणसँग मात्र सम्बन्धित नभई मानवीय भविष्यको कल्याणसँग पनि सम्बन्धित हुने गर्दछ ।

आधारभूत आवश्यकता परिपूर्तिका लागि यस अवधारणाले तीनवटा नीति र प्रक्रियामाथि जोड दियो । क) रोजगारी र आय बढाउने ख) सामाजिक सेवाको क्षेत्रमा राजकीय संलग्नता वृद्धि गर्ने ग) उद्देश्य मानवीय विकासबाट मात्रै हुन सक्छ भन्ने धारणा आएको छ। देशमा शिक्षाको स्तरलाई दर्शाउने विभिन्न परिचायकहरू मध्ये प्रौढ साक्षरता, विद्यालयमा पढेको, औसत वर्ष र शिक्षक विद्यार्थी अनुपात, साक्षरता र विद्यालय शिक्षालाइ बढी महत्व दिएका हुन्छन् ।

सन् १९७० को दशकमा आधारभूत आवश्यकताको परिपूर्तिलाई आर्थिक विकासको सूचकका रूपमा लिन थालियो । मानिसको लागि खाद्यान्न, लत्ता कपडा, आवास, शिक्षा, स्वास्थ्य, मनोरञ्जन जस्ता क्षेत्रमा सुधार भएमा आर्थिक

www.dotnepal.com

विकास भएको महसुस हुन पुग्यो । आर्थिक विकासको क्रममा प्रतिव्यक्ति र राष्ट्रिय आय वृद्धि हुनुको साथै मानिसको आर्थिक तथा सामाजिक स्तर अभिवृद्धि हुन्छ र उसको आधारभूत आवश्यकताहरू पूरा भई जीवनस्तरमा सुधार आउँछ । राष्ट्रिय उत्पादन, राष्ट्रिय आम्दानी तथा प्रतिव्यक्ति आम्दानीले आम मानिसहरूको आर्थिक स्थितिमा सुधार आउन नसकेको, गरिबीको संख्या बड्दै गएको कारण मानवीय आर्थिक स्थिति सुधार ल्याउन र गरिबीको दुश्चक्र जस्तो घातक रोगसँग मुकाविला गर्नुको लागि यस आधारभूत आवश्यकता (Basic Needs) मापदण्डलाई अगाडि सारिएको हो । यस मापदण्ड अनुसार आर्थिक विकासको मापन गर्दा जनसंख्या गरिबीको आधारभूत आवश्यकता कति पुरा हुन सकेका छन् त्यसलाई आधार बनाउने गर्दछ ।

हिक्स तथा पाल स्ट्रिटिन (Hicks and paul streteen) ले विकास गरेका आधारभूत आवश्यकता का परिसूचकहरू निम्न छन् :-

१. स्वास्थ्य– औसत आयु ।
२. शिक्षा -साक्षरता, कुल जनसंख्यामा प्राथमिक विद्यालयमा सहभागिता प्रतिशत ।
३. खाना –प्रतिव्यक्ति क्यालोरी आपूर्ति ।
४. खाने पानीको आपूर्ति – बाल मृत्युदर, सुरक्षित खाने पानी प्राप्त गर्ने जनसंख्याको प्रतिशत ।
५. सरसफाइः– शिशु मृत्युदर, स्वास्थ्य सुविधा प्राप्त गरेको जनसंख्याको प्रतिशत ।
६. आवासः – प्रतिवर्ग कोठाको मानिस । तर यसले आवासको गुणस्तरलाई नलिएकोले सन्तोषजनक मानिदैन ।

### ३ राजनैतिक शक्ति तथा विकास **(Political Power and Development)**

आर्थिक विकासको क्षेत्रमा राजनैतिक तत्वको सबै भन्दा महत्वपूर्ण योगदान रहन्छ । आर्थिक विकासलाई प्रोत्साहन गर्ने अथवा हतोत्साह गर्ने भन्ने सम्पूर्ण कुराहरु राजनैतिक बिचारहरुमा निर्भर रहन्छ बैज्ञानिक तथा साहासीहरुले आर्थिक विकासको लागि आवश्यक सल्लाह दिन सक्छन तर आर्थिक विकास' गर्ने व्यव स्था अथवा वातावरण तयार गर्नसक्ने महत्ववपूर्ण भूमिका राजनैतिक तत्व नै आर्थिक विकास हुन सक्दैन । राजनैतिक तत्व नै देशको विकासको चालक हो । राजनैतिक सर्मथन र राजनैतिक नेतृत्वको अभावमा कुनैपनि देशले सहि आर्थिक विकास गर्न सकेन , सक्दैन र सक्नेवाला पनि छैन । राजनैतिक उपयुत्त वाताबरण नै आर्थिक विकास लाई मल , जल , उपलब्ध गराउने एक प्रमुख माध्यम हो । देशको राजनैतिक क्षेत्र नै देशको सम्पूर्ण नीति निर्धारण , निर्देशन ,नयन्त्रर्ण गर्ने मुख्य श्रोत भएकोले यसको अभाव अथवा प्रतिकुल अव स्थामा आर्थिक विकास हुन सक्दैन । अतः राजनैतिक तत्व नै विकासको मुल मन्त्र हो । विकासको लागि देशमा वैधानिक कानुनको आवश्यकता हुन्छ । यी सबै व्यव स्था देशको रन्ाजनैतिक संगठनले गर्दछ । जसमा जनताका प्रतिनिधिहरु रहन्छन जनहितको लागि नै विकास आवश्यक हुन्छ । त्यसैले विकासको लागि उपयुक्त वातावरण राजनैतिक तत्ववाट नै प्राप्त हुन्छ । नियम कानुन , निर्देशन र उपयुक्त नीतिको व्यव स्था नभई योजनाबद्ध रुपमा आर्थिक विकास हुन सक्दैन । सम्पतिको सुरक्षा, प्रमाणित गर्ने अधिकार , व्यापार सम्बन्धी व्यव स्था , मौद्रिक नीति , स्थायी सरकारको व्यव स्था आदि सम्पूर्ण कुराहरु राजनैतिक संगठनमाथि भर पर्दछ ।

कुनेपनि देशको विकासको निम्ती नभै नहुने सर्त सक्षम, स्थायी भष्ट्रचाररहितको तथा दुरदशी राजनैतिक व्यवस्था र सरकारहबलियोसरकारले देशमा शान्ति, स्थायित्व , कानुनी संरक्षण जस्ता कार्यहरु गर्न सक्षम हुन सक्छ । जसले गर्दा अन्ततोगत्वा उद्यमहिलताको विकासको लागि यौटा ठोस कार्य गर्न सकिन्छ । राजनैतिक स्थिरता नभई आर्थिक विकास हुन सक्दैन यसको लागि योग्य र दक्ष सरकारद्धारा मात्र सम्भव छ । यसैले आर्थिक विकासका निमित्व राजनैतिक स्थिरतामो उल्लेखनिय स्थार रहि आएको छ । लामो समयसम्म टिक्ने सरकारहरुले दीर्घकालिन योजनाहरु आप्नो अन-भव र योग्यताको आधारमा पुरा गर्न सफलि बन्ने अव स्थाको श्रृजना हुन्छ । विकास प्रत्रियालाई सफलता तर्फ लैजान शान्ति सुरक्षा तथा उचित न्यायिक व्यव स्था अति आवश्यक हुन्छ । सरकारी आर्थिक नीतिहरुमा पनि निरनतरताको आवश्यकताले पनि विकास मा दखल पुराउने भएकोले पनि यस्ता नीति नियम एव योजनाहरु पूर्णरुपमा कार्यन्वयन गर्न पनि दीर्घकालिन सरकारको आवश्यकता पर्दछ । जे होस ति सबै किसिमका तत्वहरुलाई निर्धारण गर्नेकार्य राजनीति ले नै गर्दछ ।

विकासोन्मुख देशको आर्थिक विकासको लागि राजनैतिक इच्छा शक्तिअति आबश्यक हुन्छ जहाँ स्वदेशी आर्थिक स्रोत र साधनको आधारमा विकास कार्यहरु निर्धारण गरि उचित रुपमा स्वदेशी आधारमा नै विकास गर्नु पर्दछ ।

www.dotnepal.com

कुनैपनि  देशको निर्माण  त्यसदेशका नागरिकमा निर्भर रहन्छ । जसले गर्दा विकास स्वदेशी प्रयतन र इच्छामा  भर पर्दछ । वाहिरीया विकसित देशले  थुपारेको विकास  , विकास  होइन र  विकास हुन  पनि सकेको छैन । जसको मुल तत्व नै राजनीति  हो ।

ग्रामिण एवं सहरी दुवै विकासको लागि  ।राम्रो राजनैतिक व्यव स्था हुनुपर्दछ । ब्रिटेन ,  अमेरिका , जापान , तथा फ्रान्स ज स्ता विकशित  देशहरुको आर्थिक  विकास पनि  बलियो  र सक्षम प्रशासन  व्यव स्था र राजनैतिक ि स्थरताको  माध्यमवाट भएको हो  प्रहासनले आन्तरिक नियम, कानुनमा अडिक रहि  देशभित्र  शान्ति , सक्षम र ि स्थरताको  माध्यमवाट  भएको  छ । देशको  परिि स्थती  अनुरुप  अनुकुल मौद्रिक नीति  अपनाई  पुजि निर्माण गर्नका लागि  पनि बलियो र सक्ष्म सरकारको  आवश्यकता पर्दछ । आर्थिक विकास जबमात्र हुन्छ  जव सत्ताको ि स्थरता साथसाथै  सरकार दक्ष र सक्षम हुन्छ । विकाससिल  देशको  आर्थिक विकासको उचित तथा दुर्तर गतिले आर्थिक  विकास नहुनुका कारण  अयोग्य र भष्ट   सरकार , शान्ति  सुरक्षको अभाव , राजनैतिक अि स्थरता  र सरकारले आर्थिक विकासको निम्ति जनताप्रति  विश्वास दिलाउन नसक्नु ज स्ता  तत्वले  त्यसदेशको  राजनैतिक अव स्थाको  चरित्रचित्रण गर्दछ ।
 निणर्य प्रक्रियामा  जनताको पहुच पनि  पुराउन  महत्व पूर्ण कार्य  राजनीतिले गर्दछ  । स्वतन्त्रता  र मानव अधिकार को उपयोग गर्नेकार्य पनि  राजनीतिले नै गर्दछ । आप्नो अधिकारको उपभोगको लागि  विभिन्न समूहवनाई संगठित गराउने कार्य  राजनीतिले गर्दछ ।

४ मानवीय विकास (Human Development):-

मानवीय विकासमा आर्थिक विकासको साथसाथै सामाजिक विकासका पक्षहरूलाई पनि समावेश गरिन्छ। स्वास्थ्य, सरसफाइ, औसत आयु, खाद्य तथा पोषण तत्व, शिक्षा, आम्दानी तथा गरिबीको अवस्थाबाट मुक्ति, महिला तथा बच्चाहरूको स्थिति, मानवीय सुरक्षा र वातावरण आदिको समग्र स्थितिमा सुधार हुनु नै मानवीय विकास (human development) हुनु हो। मानव सभ्यतामा समग्र स्थितिको सकारात्मक स्थिति मानवीय विकास भए पनि मानव विकासको सुचांक किटान गर्न गाह्रो पर्दछ। मानवीय विकासलाई परिमाणात्मक भन्दा गुणात्मक (qualitative) पक्षले बढी प्रभाव पार्ने भएको हुनाले मानवीय विकासको मापन गर्न कठिनाइ परेको छ। संयुक्त राष्ट्संघीय विकास कार्यक्रम (UNDP)  ले मानवीय विकास सूचांकको आवधारणा विकसित गरी मानवीय विकासलाई मापन (Measure) गर्ने प्रयास गरिएको पाइन्छ। यस सूचकमा मानव साधन विकासका लागि निम्न लिखित तीन पक्षहरूलाई समावेश गरिएको छ। १. राम्रो जीवनको लागि आम्दानी (income for decent living) २. शिक्षा प्राप्ति (Educational attainment) र ३. जीवन प्रत्याशा (life expectancy)।

विकासको सूचक सम्बन्धमा प्रोफेसर मौरिस (maurice) ले अनुमानित आयु, बाल मृत्युदर तथा साक्षरता दर तीन चरणहरूलाई भौतिक जीवन स्तर सूचकांक (PQLI) तयार गर्नुपर्ने त्यसमा सबैभन्दा कमलाई  '१' अंक र सर्वोत्कृष्टलाई '१' स्तर दिई समग्रमा विकासको स्तर निर्क्यौल गर्नुपर्ने विचार व्यक्त गरेका थिए।

सन १९९० पछि विकासको सूचक (index) मा मानवीय विकास सुचकांकलाई महत्व दिन थालियो। उक्त सूचकांकले प्रोफेसर मोरिसद्वारा प्रयोग गरिएको विधि अनुसरण गरी आयु (Longvity), ज्ञान (knowledge) तथा जीवनस्तर (Standard of living) तीन चरणहरू गरी तिनीहरूलाई शुन्य '०' देखि सर्वोत्कृष्ट एक '१' सम्मको परिधिभित्र राखी सरदर आधारमा 'न्युन' 'मध्यम' र 'उच्च' मानवीय विकासको निष्कर्ष निकालेको बुझिन आउँछ।  मानवीय विकासको अवधारणा नितान्त नौलो विचार होइन। तर वैचारिक रूपले बढी सुसंगठित भएर मुलुकहरूले लागु गर्न सक्ने नीतिगत आव्हान र ढाँचा समेत बोकेर यो अवधारणा सन् १९९० देखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम मार्फत विश्व सामु देखा पर्न थाल्यो। यस अवधारणाले आर्थिक वृद्धि र आम्दानीको वृद्धिलाई विकासको वास्तविक सूचक मानेन। यस अवधारणा अनुसार उत्पादन, उत्पादकत्व, लगानी र व्यक्तिगत तथा पारिवारिक आम्दानी समेत मानवीय विकासका सूचक नभएर साधनमात्र हुन्।

सन् १९५० को दशकको अन्त्यतिर विकासबारे एउटा अवधारणा जन्मियो। यस अवधारणाले मूलरूपमा आर्थिक विकासको अवधारणालाई सकाऱ्यो। तर यसले पूँजी र प्रविधिको साथसाथै स्वास्थ्य, शिक्षा, सीप जस्ता श्रमिक पूँजी समेत आर्थिक विकास अपरिहार्य तत्व हुन् भन्ने कुरा अगाडि साऱ्यो। उत्पादन र वितरणको प्रविधि र प्रक्रियामा

www.dotnepal.com

थपिएको जटिलता, विविधता, निरन्तरता, र विशिष्टताले गर्दा श्रमिकहरूको स्वास्थ्य, शिक्षा र विशेषज्ञता माथि जोड दिने यस अवधारणाको जन्म स्वाभाविक पनि थियो। शिक्षित विशिष्ट सीपयुक्त र स्वस्थ श्रमिकहरू उत्पादकत्व बढाउन सहयोगी हुन्छन् भन्ने कुरा यस अवधारणाले प्रतिपादन गऱ्यो।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (United Nation Development programme, UNDP) को मानवीय विकास, प्रतिवेदन (Human Development Report) को वार्षिक शृङ्खला सन् १९९४ मा मानवीय विकास सूचकको परिष्कृत रूप प्रस्तुत गरियो। भौतिक जीवनस्तर सूचकांक (PQLI) मा जस्तै मानवीय विकास सूचक अन्तर्गत सम्पूर्ण स्तरले सबैभन्दा कम मानवीय संसाधनको विकास तथा '१' एक स्तरले सर्वश्रेष्ठ मानवीय संशाधन (human resources) विकासलाई दर्शाइएको हुन्छ। त्यसमा अनुमानित आयु (life expectacy birth) द्वारा आयु अन्तरलाई (longvity) भारित औसत सरदर, वयस्क साक्षरता र स्कुल जानेहरूको सरदर (mean) द्वारा ज्ञान तथा विभिन्न देशहरूमा रहेको मुद्राको क्रयशक्ति अन्तरको माध्यमद्वारा मिलान गराएको प्रतिव्यक्ति आयद्वारा 'जीवनस्तर' मापन गरिएको छ। मानवीय विकास मापन गर्ने तीन माध्यमहरू जस्तै आयु अन्तराल, ज्ञान, तथा जीवनस्तरलाई जटिल सुत्र प्रयोग गर्दै सन् १९९२ को तथ्यांकमा १७३ राष्ट्रहरूलाई मानवीय संसाधन विकास (human resources development) का तीन वर्गहरूमा विभाजन गरिएको थियो, जस्तै १) न्यून मानवीय विकास २) माध्यम मानवीय विकास ३) उच्च मानवीय विकास।

मानवीय विकास सूचकांक (Human Development Indicators) प्रतिव्यक्ति वास्तविक आम्दानी र अन्य सामाजिक सूचकांकहरू (social indicators) को जस्तै औसत आयु, प्रौढ साक्षरता, र बच्चाहरू स्कूल जाने वर्षको औसत प्रयोग गरी तयार गरिएको छ। मानवीय विकास सूचकांकले निरपेक्ष रूपमा मानवीय विकासको मापन गर्दैन। सापेक्ष रूपमा मात्र मानवीय विकासको मापन गर्दछ। विभिन्न देशहरूको मानवीय विकासलाई श्रेणीबद्ध गर्न सकिन्छ। यस प्रकारको मानवीय सूचकांकको अंक सुन्य देखि एकको बीचमा रहन्छ। एक मानवीय विकासको अधिकतम अंक हो। यदि कुनै देशको मानवीय विकास सूचकांक ०.५ भन्दा कम भएमा निम्न तहको मानवीय विकास मानिन्छ भने ०.५ देखि ०.८ सम्म भएमा मध्यम तहको मानवीय विकास मानिन्छ भने ०.८ भन्दा माथि भएमा उच्च तहको मानवीय विकास मानिन्छ।

सन् १९५० को दशकदेखि १९९० सम्ममा विकासका विभिन्न सिद्धान्तहरु देखा परे। विकासको अवधारणाप्रति सम्बन्ध सबै पक्षले पुर्नविचार गरे । यसै सन्दर्भमा यु.एन.डी.पी.(UNDP) ले मानव विकास प्रतिवेदन १९९० (Human Development Report-1990) प्रस्तुत गऱ्यो। जसमा मानव विकासको सिद्धान्तलाई जोड दिइएको थियो। मानव विकास भनेको मानिसहरुको रोजाइलाई बढाउने विकास प्रक्रिया हो (Human development is a process of enlarging people choices)। यसले आर्थिक विकास र बृद्धिलाई मात्र जोड नदिएर मानव अधिकार, आत्मप्रतिष्ठा, राजनीतिक स्वतन्त्रता, स्वस्थ जीवन, स्रोत र साधनमा पहुँच साक्षरता, मानिसका रुचि, चाहना र इच्छाहरुलाई पनि जोड दिन्छ (Human Development Report-UNDP 1990) वास्तवमा मानव विकास मानिसको क्षमता निर्माणजस्तै स्वास्थ्य र ज्ञानमा सुधार गर्नुपर्ने कुरासँग सम्बन्धीत छ। (Human development concerns more than formulation of human capabilities such as improved health & Knowledge) मानव विकास प्रतिवेदन १९९५ मा भनिएको छ राष्ट्रमा वास्तविक धन भनेको महिला र पुरुष दुबै हुन् विकासको लक्ष्य वा उद्देश्य भनेको जनताको दीर्घायु, स्वस्थ र सिर्जनात्मक जीवनको लागि उपयुक्त वातावरण तयार गर्नु हो। यस्तो सरल तर शक्तिशाली सत्यता भौतिक तथा वित्तीय पक्षको हावीले गर्दा बिर्सिएको पाइन्छ। सन् १९९० पछि प्रकाशित मानव विकासका प्रतिवेदनहरुमा मानव विकासलाई अझ बढी परिष्कृत र सान्दर्भिक ढंगले परिभाषित एवं परिमार्जित गर्दै आएको पाइन्छ। सन् १९९८ पछि नेपालमा पनि मानव विकास प्रतिवेदन वार्षिक रुपमा प्रकाशित हुँदै आएको छ। मानव विकास प्रतिवेदन १९९९ मा मानव विकासका सन्दर्भमा मानव सुरक्षालाई बढी जोड दिइएको छ। मानवले आफ्नो स्वतन्त्रता र चाहना सुरक्षाका साथ उपभोग गर्न पाउनुपर्ने कुरालाई जोड दिइएको छ। वातावरण, राजनीतिक-सांस्कृतिक, सामुदायिक, सामाजिक, व्यक्तिगत, स्वास्थ्य, आर्थिक आदि पक्षमा सुरक्षाको प्रत्याभूति हुनुपर्ने कुरालाई अगाडि सारिएको छ।

भौगोलिक क्षेत्रको आधारमा हेर्ने हो भने सामर्थ्य हिनता हिमाली क्षेत्रमा सबैभन्दा बढी छ । विकास क्षेत्रहरुमध्ये सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा अक्षमता सबैभन्दा कडा छ। यस्तै भौगोलिक विकास क्षेत्रको आधारमा हेर्ने

www.dotnepal.com

हो भने सामर्थ्यको अभाव सुदूरपश्चिमका पहाडी, मध्य पश्चिमका पहाडी र पूर्वी पहाडी क्षेत्रमा सबैभन्दा धेरै छ । सामर्थ्यशाली र असमर्थको भेट सापेक्ष रुपमा मध्य पहाड र पूर्वी तराईमा कम छ । सामर्थ्यको गरिबी र आयको गरिबीलाई दाँजेर हेर्ने हो भने नेपालमा आय गरिबी भन्दा सामर्थ्य गरीब धेरै बढी छन् । आयको राम्रो स्थिति भएको क्षेत्रमा सापेक्षिक रुपमा सामर्थ्य गरिबी झन बढी छ । जस्तै : शहरी क्षेत्र, मध्य पहाड र तराई जहाँ आयस्तर सापेक्षिक रुपमा बढी छ । त्यहाँ सामर्थ्य गरिबीको अनुपात पनि बढी छ । यसले स्पष्ट रुपमा के अंकित गर्छ भने विद्यमान आर्थिक, राजनीतिक र साँस्कृतिक परिपाटीमा आर्थिक साधनको पहुँचले मात्र मानवीय सामर्थ्यको निर्माणमा सार्थक योगदान गर्न सक्दैन । त्यसकारण राज्य, बजार, जिल्ला, समुदाय र घरपरिवारको तत्वहरुमा पनि नीति निर्माण र कार्यक्रममा परिवर्तन अत्यावश्यक छ ।
आजको विकासवादी आर्थिक चिन्तनले समतामूलक वातावरण सिर्जना गर्न अवसरको समानता अत्यावश्यक भएको तर उत्पादनको समान वितरण अनिवार्य गर्न नहुने देखाउँछ । Equity at the cost of efficiency हुन गयो भने समग्र उत्पादनका साधनको दक्षता र उत्पादकत्वमा कमी आउने हुँदा कामको क्षमता र दक्षताको आधारमा प्रतिफल पाउने हुनुपर्दछ । त्यसैगरी विकसित मुलुकहरुले अवसरको पूर्ण समानतालाई अवास्तविक र उपलब्ध हुन नसक्ने विषय भएकोले अवसरको उपलब्धतालाई पर्याप्त वा स्वीकृत तहमा प्रदान गर्ने लक्ष्य निरिण हुनु पर्ने भन्दछन् । समानता आफैमा बहुआयामिक विषय भएकोले यसले अवसरको समानता तथा पहुँच एवं अन्य, उपभोग, सम्पत्ति, शिक्षा, स्वास्थ्य र मानव संशाधनको वितरणलाई जनाउँछ । कुनै पनि मुलुकले आफ्नो विकासको प्रकृयामा राजनैतिक वातावरण, विद्यमान सम्पत्ति वितरण ⁄ बनोट, आय र सामाजिक मूल्य मान्यता आदिलाई समेत ध्यानमा राखी समतामूलक अवधारणा लिएको हुन्छ ।

मानव विकासको अध्ययनले सम्पूर्ण मानव जगतको विश्लेषण गर्दछ । मानव विकासका निर्देशांकहरुलाई तयार गर्न हामीले मानव स्वास्थ्य, शिक्षा, रोजगारी, आय, जनसहभागिता, औषत आयु, बच्चा बच्ची विद्यालय जाने कुरालाई नाप गर्नुपर्दछ । मानव विकासका निर्देशांकहरुले मानव विकासलाई परिमाणात्मक रुपमा नाप्न सक्दैन । यसले सम्बन्धनात्मक रुपमा नाप्न सकिन्छ र यसले मानव विकासलाई क्रमबद्ध राख्न सकिन्छ । मानव विकासलाई निर्देशांकले ० देखि १ सम्म क्रमबद्ध गर्न सकिन्छ । जहाँ १ ले सबैभन्दा उच्चस्तरको मानव विकासलाई जनाउँछ भने ० देखि ०.५० ले निम्नस्तरको मानव विकास र ०.५१ देखि ०.७९ ले मध्यस्तरको मानव विकासलाई संकेत गर्दछ । यसैगरी ०.८० देखि माथिको मानले उच्चस्तरको मानव विकासलाई निर्देशित गर्दछ ।

**मानव विकास प्रतिबेदन २०१३**

विश्व मानव विकास प्रतिवेदन २०१३ ले नेपालको अवस्था जस्ता जस्ताको तस्तै रहेको देखाएको छ । संयुक्त राष्टसंघीय विकास कार्यक्रम यु.एन्.डि.पी. ले मेक्सिकाको राजधानीको मेसिको सिटीमा सार्वजनिक गरेको सो प्रतिवेदनले नेपाल गत बर्षकै १ सय ५७ औं स्थानमा यथावत रहेको देखाएको छ । गत बर्ष नेपालको मानब विकास परिसुचक (एच.डि.आई) सून्य दशमलब ४५८ रहेकोमा यसबर्ष शून्य दशमलव ४६३ पुगेको अवस्था छ । नेपालको अंक सबैभन्द्या कम मानविय विकास भएका मूलुकहरुको औषतभन्दा पनि कम छ भने दक्षिण एसियाको औषत भन्दा अत्यान्त थोरै हो । दक्षिण एसियाको औषत सूचक शून्य दशमलव ५५८ रहेको प्रतिवेदनमा उल्लेख रहेको अवस्था छ । एच.डि.आई १ पूर्णाकमा मापन गरिन्छ । प्रतिवेदन अनुसार नेपालको औषत आयु र आएवाहेकको एच.डि.आई. मा न्यून सुधार भएको छ भने प्रतिव्यक्ति आय २३ अमेरिकी डलरले घटेको छ । शिक्षा, स्वास्थ्य, र जीवनस्तरगरी तीन आयमको आधारमा एच.डि.आई मापन गरिन्छ । जस अर्न्तगत औषत आयु, औषत स्कूलीङ बर्ष, अपेक्षित स्कूलिङ बर्ष, र प्रतिव्यक्ति कुल राष्ट्रियआय गरी चार परिसूचकहरु रहेका छन् । नेपालको औषत स्कूलिङ बर्ष भने यथावत् रहेको छ । तर विगत २ दशकमा नेपाल ले विस्तारै प्रगतिको बाटोमा लम्किरहेको तथ्यांकले जनाएको छ । त्यसबेला शून्य दशमलव ३४० रहेको नेपालको एच.डि.आई अंक शून्य दशमलव ४५८ पुगेको छ । सन् १९९० मा नेपालीको औषत आयु ५४ बर्ष थियो जुन अहिले बढेर ६९ दशमलव १ बर्ष पुगेको छ । भने प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन ७ सय चालिसवाट बढेर १ हजार १ सय ३७ डलर पुगेको छ । दक्षिणको उदय स्विविचता पूर्णसंसारमा मानविय प्रगति नाम दिइएको प्रतिवेदनले दक्षिण मुलुकहरु तिब्र रुपमा नयाँ शक्तिको रुपमा उदायदै गएको बताएको छ । त्यस्तै गरि दक्षिण एसियाले गएको दशकमा उच्च उपलब्धी हासिल गरेको छ । यस क्षेत्रले एच.डि.आई. मा १ दशमलव ४३ प्रतिशतले बृदि गरेका छ जुन सम्पुर्ण क्षेत्रमध्ये सबैभन्दा बढी हो ।

www.dotnepal.com

सूचकले अतिउच्च, उच्च,  मध्यम, र कम  मानव विकास भएको गरी चार वर्गमा विश्वका मूलुकहरुलाई विभाजन गर्ने गरेको छ । त्यस मध्ये उतिउच्च, उच्च, र मध्यममा ४७, ४७ र कम मानब विकास भएकोमा ४६ मुलुक छन् । सन् २००७ देखि २०१० सम्म अति उच्चबर्गलाई विकाशसिल मुलुकका रुपमा परिभासित गर्न्थ्यिो सन् २०१० देखि मानव विकास प्रतिवेदनका लागि नयाँ विधि पनाइएको हो । सन् २०१०  सम्म मुलुकहरुलाई प्रतिव्यक्ति क्रयशक्तिको आधारमा, कुल ग्रहास्त उत्पादन जिडिपी को आधारमा बर्गिकरण गर्दै आएकोमा त्यसपछि प्रति व्यक्ति क्रयशक्तिमा आधारित कुल राष्ट्रिय आएको प्रयोग गर्न थालिएको छ । सुचांकले दक्षिण ऐसियाली मुलुकहरुमध्ये श्रीलंका लाई उच्च मानब विकास भएका मुलुकहरुको श्रेणिमा राखेको छ । झण्डै ९८ प्रतिशत साक्षेरता भएको श्रीलंका शुन्य दशमलव ७१५ अंक का साथ सूचकको ९२ औ स्थानमा छ भने माल्द्विप्स १ सय ४ औ स्थानमा छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्कका अन्य सदस्य मुलुकहरु तथा सदस्य राष्ट्रहरुमा भारत १ सय ३४ औ र भुटान १४० औ स्थानमा रहदै मध्यम् मानव विकास भएका मुलुकहरुमध्ये झण्डै अन्तिम तिर रहेका छन् ।

www.dotnepal.com